शान्ति र अग्रगमनको लागि
THE DAUNNE WEEKLY
# दाउन्ने साप्ताहिक
नवलपरासीको सबैभन्दा पुरानो साप्ताहिक
नवलपरासी हु.द.नं.४/०६६/०६७ जि.प्र.का.नवलपरासी द.नं.१८/०६६/०६७
बर्ष: १३ | अंक: ४२ | आइतबार, २६ असार २०७९ | Sunday, 10 July 2022 | पृष्ठ संख्या: ६ | मूल्य रू. १०/-




## बुटवल-नारायणगढ सडक विस्तार कछुवा गतिमा निर्माण कार्य



नवलपुर । नारायणगढ-बुटवल सडक विस्तार कार्य सम्पन्न गर्ने म्याद एक महिनामात्र बाँकी रहँदा एक चौथाइसमेत काम हुन सकेको छैन । २०७५ सालमा चाइना स्टेट कन्स्ट्रक्सन इन्जिनियरिङ कर्पोरेसन लिमिटेडले सडक विस्तारको काम ४२ महिनामा सक्ने गरी सम्झौता भएको थियो । तर ४१ महिना बित्दा करिब १९ प्रतिशत मात्र काम सम्पन्न भएको छ ।

अबको एक महिना अर्थात् २२ साउनभित्र सक्ने गरी निर्माणको जिम्मा लिएको कम्पनीले निर्माण सम्पन्न गर्ने म्याद एक वर्ष थप गर्न निवेदन दिएको छ । तर सो निवेदनको विषयमा कुनै निर्णय नभएको सडक कार्यालयका सूचना अधिकारी इन्जिनियर धिरज ढकालले बताए । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले ८ चैत ०७५ मा उक्त सडक विस्तार कार्यको शिलान्यास गरेका थिए ।

१४ किलोमिटर सडक विस्तार गरी चार लेनको बनाएपछि बुटवलबाट नारायणगढको यात्रा डेढ घण्टाको हुने अपेक्षा गरिएको छ । नारायणगढ-बुटवल सडक आयोजनालाई दुई खण्डमा विभाजन गरेर ठेक्का सम्झौता गरिएको थियो । दुवै खण्डका अलगअलग कार्यालय स्थापना गरे पनि काम भने दुवैतिर सुस्त देखिन्छ । चिनियाँ कम्पनीले सडक विस्तारका लागि रुख कटान गरेको छ भने विद्युत् पोल सार्ने र खानेपानी पाइप पर्ने ठाउँमा त्यसको व्यवस्थापन गर्ने काम भएको छ ।

बुटवल-बर्दघाट सडकखण्डमा पर्ने ४८ किलोमिटर सडकमा अहिले २० प्रतिशत काम भएको प्रमुख इन्जिनियर प्रदीप शाक्यले बताए । यता गैंडाकोट-बर्दघाट क्षेत्रमा हालसम्म १८ प्रतिशत मात्र काम भएको छ ।

## भरतपुर बर्दघाट प्रशारण लाइन सञ्चालनमा

एक पछि अर्को रुग्ण आयोजना सम्पन्न गर्दै गएको नेपाल विद्युत् प्राधिकरणले भरतपुर-बर्दघाट २२० किलोभोल्ट (केभी) प्रसारण लाइनको आंशिक खण्ड सञ्चालनमा ल्याएको छ । चितवनको भरतपुरबाट नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को बर्दघाटसम्मको प्रसारण लाइन सञ्चालनमा आएपछि नवलपरासी क्षेत्रमा थप गुणस्तरीय बिजुली समेत प्रवाह हुनेछ ।

चितवनको भरतपुर महानगरपालिका-११ आँपटारी स्थिति सवस्टेसनबाट नवलपरासीको अरुण खोलासम्मको करिब ५६ किलोमिटर प्रसारण लाइनमा सोमबार विद्युत् प्रवाह (चार्ज) गरी परीक्षण सञ्चालन गरिएकामा आजदेखि पूर्ण रुपमा सञ्चालन गरिएको छ । नवलपरासीको दुम्कीबासमा भइरहेको अवरोधका कारण प्रसारण लाइन निर्माण गर्न नसक्दा भरतपुरबाट बर्दघाटतर्फ थप विद्युत् पठाउन नसक्ने अवस्था आएपछि प्राधिकरणले वैकल्पिक व्यवस्थामार्फत निर्माण सम्पन्न भएको खण्डलाई चार्ज गरेको हो ।

कूल ७४ किलोमिटर प्रसारण लाइनमा पर्ने २४६ वटा टावरमध्ये २४४ वटाको निर्माण गरी तार टाँगिएको छ । भरतपुर-बर्दघाट २२० केभी प्रसारण लाइनको निर्माण सम्पन्न भएको लाइनलाई अरुण खोलामा ट्यापिङ गरी हाल सञ्चालनमा रहेको १३२ केभी प्रसारण लाइनमा जोडिएको छ ।

भरतपुर-बर्दघाट १३२ केभी प्रसारण लाइनलाई अरुण खोलामा छुट्याएर भरतपुर-बर्दघाट २२० केभीको लाइनसँग जोडिएको हो । भरतपुर सवस्टेसनबाट अरुणखोलासम्म २२० केभीको नयाँ लाइनबाट र त्यसपछि



१३२ केभीको पुरानो लाइनबाट बर्दघाट सवस्टेसनसम्म विद्युत प्रवाह हुने छ ।

अब अरुणखोला पूर्वतर्फका कावासोती लगायतका क्षेत्रमा पुरानो १३२ केभी प्रसारण लाइनबाट प्रगतिनगर सवस्टेसनमार्फत विद्युत् आपूर्ति हुने छ । ती क्षेत्रमा करिब २५ मेगावाट विद्युत् खपत हुने गरेको छ। पुरानो १३२ केभी लाइनबाट कावासोतीलगायतका क्षेत्रमा विद्युत् आपूर्ति भएपछि सोमबारबाट सञ्चालनमा आएको लाइनमार्फत भरतपुरबाट बर्दघाटतर्फ करिब एक सय मेगावाट विद्युत सिधैं पठाउन सकिने छ ।

अहिले भरतपुर-बर्दघाट १३२ केभी लाइनबाट कावासोती क्षेत्रमा विद्युत् आपूर्ति गरी बाँकी विद्युत् बर्दघाटतर्फ प्रवाह हुन्थ्यो । अहिले चालु रहेको भरतपुर-बर्दघाट १३२ केभी प्रसारण लाइन सिंगल सर्किट मात्रै छ । जसले गर्दा भरतपुरबाट बर्दघाटतर्फ करिब ८० मेगावाटभन्दा बढी विद्युत् पठाउन नसकिने बाध्यात्मक अवस्था थियो ।

भरतपुर-बर्दघाट २२० केभी प्रसारण लाइनको आंशिक खण्ड चार्ज गरी कावासोती लगायतका क्षेत्रको करिब २५ मेगावाट लोड सिृट भएकाले भरतपुरबाट पश्चिमतर्फ थप विद्युत् आपूर्ति गर्न सकिने भएको छ । भरतपुरबाट प्रगतिनगरसम्मको खण्ड चार्ज भएपछि अब भरतपुरबाट बर्दघाटतर्फ करिब २५ मेगावाट विद्युत् थप पठाउन सकिने र यसबाट पश्चिम क्षेत्रको विद्युत् आपूर्ति व्यवस्थापनमा सहज हुने प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले जानकारी दिए ।

'भरतपुरतर्फ विद्युत्को माग बढिरहेको तर हाल सञ्चालनमा रहेको १३२ केभी लाइनको क्षमतालाई नधानेर थप विद्युत् पठाउन सकिरहेका थिएनौं, अब कावासोती क्षेत्रको लोड सिृट गरिएकाले थप विद्युत् बर्दघाटतर्फ पठाउन सक्छौं, यसबाट त्यस क्षेत्रको विद्युत् आपूर्ति व्यवस्थापनमा केही सहज भएको छ', कार्यकारी निर्देशक घिसिङले भने । यस्तै, पश्चिम क्षेत्रमा विद्युत् आपूर्तिका लागि टनकपुरबाट बाध्यात्मक रुपमा गर्नुपर्ने आयात घट्नुको साथै भोल्टेजमा पनि सुधार हुने जनाइएको छ । नवलपरासी विनयी त्रिवेणी गाउँपालिका-२ दुम्कीबासमा स्थानीयवासीको अवरोध र सर्वोच्च अदालतको अन्तरिम आदेशका कारण दुई वटा टावर बनाउन नसक्दा भरतपुर-बर्दघाट प्रसारण लाइनको निर्माण पूरा हुनसकेको छैन ।

सर्वोच्च अदालतले आइतबार रिट खारेज गरिदिएकोले अब दुई वटा टावर निर्माणको बाटो खुलेको छ। प्रसारण लाइनको मार्गाधिकार परिवर्तनको माग गर्दै स्थानीयवासीले सर्वोच्च अदालतमा रिट दायर गरेका थिए। सर्वोच्च अदालतले दिएको अन्तरिम आदेशका कारण लाइन निर्माणको काम २०७७ को चैतबाट रोकिएको थियो। सर्वोच्च अदालतले रिट खारेज गरिदिएकाले अब मुआब्जा निर्धारणको प्रक्रिया सुरु गरी टावर निर्माण गरिने आयोजना प्रमुख सन्तोष साहले जानकारी दिए।

सर्वोच्च अदालतका न्यायाधीशद्वय ईश्वरप्रसाद खतिवडा र प्रकाशकुमार ढुंगानाको संयुक्त इजलाशले प्रसारण लाइन निर्माणका लागि मार्ग प्रशस्त गरिदिएको हो । सो इजलाशले रिट खारेज गर्दै निर्देशनात्मक आदेशसमेत जारी गरेको छ ।

## नेपाली सिमेन्ट भारत जान थाल्यो



**गोपी ज्ञवाली**

नवलपरासी। पश्चिम नवलपरासी सुनवलमा संचालनमा रहेको पाल्पा सिमेन्ट ईन्डस्टिूज लिमिटेडले पहिलो पटक नेपाली सिमेन्ट भारत पठाउन शुरु गरेको छ ।

नेपाल सिमेन्ट उद्योगमा आत्मनिर्भर हुदै गएको आवस्थामा नेपालले पहिलो पटक नेपाली सिमेन्ट भारत पठाउन लागेको पाल्पा सिमेन्ट ईन्डस्टिूज लिमिटेडका जनसम्पर्क प्रबन्धक जीवन निरौलाले बताए ।

नेपाली सिमेन्ट भारत पठाउने शुरुवातमा पाल्पा सिमेन्ट उद्योगको उत्पादन गरेको सिमेन्ट शुक्रबार पहिलो लटमा भैरहवा भन्सार नाका हुदै सात वटा टूकलाई भारत पठाईएको जनसम्पर्क प्रबन्धक निरौलाले बताए ।

नेपाली सिमेन्ट पहिलो पटक भारत पठाउने क्रममा सुक्रवार सुनवल स्थित पाल्पा सिमेन्टले उद्योग परिषरमा एक कार्यक्रम गरी सुनवल नगरपालिकाकी नगरप्रमुख विमला अर्यालले रिबन काटेर सिमेन्ट लिन नेपाल आएका भारतीय टूकहरुलाई विदा गरेकी थिइन् ।

पाँच वर्ष पहिला मात्र स्थापना भएको पाल्पा सिमेन्ट ईन्डस्टिूज लिमिटेडले सिमेन्ट उत्पादन शुरु गरेको तीन वर्षमा नै उत्पादित सिमेन्ट भारत पठाउन थालेको हो ।

पहिलो चरणमा सात टूकहरु मार्फत सिमेन्ट भारत पठाएको र उद्योगले आवश्यकता र माँगका आधारमा नेपाली सिमेन्ट क्रमश : भारत पठाउने बताईएको छ ।

नेपाली लगानीकर्ताहरुको ७ अरब ५० करोड रुपैयाँको लगानीमा सुनवल नगरपालिकाको सिसयानीमा स्थापना भएको पाल्पा सिमेन्ट ईन्डस्टिूज लिमिटेडले स्थापना कालदेखि नै क्लिंकर र सिमेन्ट उत्पादन गर्दै आएको छ । उद्योगले १८ सय टन प्रतिदिन क्लिङकर र ३ हजार टन प्रतिदिन सिमेन्ट उत्पाद गर्दै आएको निरौलाले बताए ।

हाल नेपालमा ५० भन्दा बडि सिमेन्ट उद्योग संचालमा रहेका छन जस मध्य १५ वटाले क्लिंकर र सिमेन्ट दुबै उत्पादन गर्दै आएका छन । क्लिंकर सिमेन्ट उत्पादनमा प्रयोग हुने अत्यावश्यक बस्तु हो ।









**प्रकाशक/सम्पादक**
रामकुमार श्रेष्ठ

**प्रधान सम्पादक**
अग्निधर लुइटेल (अर्जुन अविरल)

**सम्पादक**
गोपी राम ज्ञवाली

**व्यवस्थापक**
कृशला सापकोटा

**प्रधान कार्यालय:** कावासोती, नवलपुर
E-mail: weeklydn@gmail.com 9847170411

**मुद्रण:** मध्यविन्दु अपसेट प्रेस **कम्प्युटर:** कावासोती कम्प्युटर ९८०४४२१०६०

**दाउन्ने साप्ताहिक पाइने स्थानहरू:**
प्रकृति पुस्तक पसल कावासोती, हाम्रो विद्यार्थी पुस्तक पसल कावासोती,सुमन पुस्तक पसल कावासोती, सुवेदी पुस्तक पसल गिरुवारी, पाण्डे पुस्तक पसल डण्डा, कल्याणी पुस्तक पसल, चोरमारा, भुसाल पुस्तक पसल अरुणखोला, न्यू विशाल पुस्तक पसल दुम्किबास, मीना पुस्तक पसल प्रगतिनगर, आशिस पुस्तक पसल दलदले, धौलागिरी पुस्तक पसल १६ नम्बर चोक, मिलन पुस्तक पसल सुनवल, शिवम् स्टेशनरी भूमही, पप्पु रेग्मी बर्दघाट, प्रेमचन्द्र रौनियार त्रिवेणी, श्याम थापा सुस्ता, रामकरण हरिजन परासी

## सम्पादकीय

### विकास र असारे खर्च

*असार सकिन लाग्दा लाग्दै हाम्रा जनप्रतिनिधिहरुलाई अहिले विकास खर्च गर्न भ्याइ नभ्याई छ । विगतका जनप्रतिनिधिहरुको पदचापलाई पछ्याउँदै अहिलेका नवनिर्वाचित जनप्रतिनिधिहरु पनि असारमा कसरी बजेट सक्नेतर्फ लागे। बाटोघाटो, पुलपुलेसा निर्माणदेखि तट्बन्धन, अनुदान वितरण, सभा, गोष्ठी, सेमिनार गरेर बजेट सकिदै छ ।*

*असारको मुखमा हतार हतारमा गरिएका ति खर्चहरुको प्रतिफल कस्तो आउँछ यो पनि सोच्नु पर्ने बेला छ । देश भ्रष्ट्रचारको दलदलमा फसिरहेको बेला जनताले यि जनप्रतिनिधिहरुसँग केही आशा गरेको भए पनि अहिले अधिकांश पालिका, सांसद, प्रदेश सरकार, संघीय सरकार सबै असो बजेट सक्नमा लागेको देखिन्छ ।*

*बर्षमा रहेको १२ महिना मध्ये ११ महिनामा ५० प्रतिशित पनि काम नसक्ने र १ महिनामा बाँकी सबै काम सक्ने गरी गरिएको खर्चको अर्थ के रहला । उदाहरणका लागि असारमा बनाएको बाटो साउन लाग्दा नलाग्दै भत्कने, असारमा गरिएको तट्बन्धन साउन लाग्दा नलाग्दै बाढीले बगाइदिने गरी गरिने यस्तो तटबन्धनको प्रभावकारिता कति । त्यसैले निर्वाचित भए लगतै असारे चटारोमा परेको हाम्रो स्थानीय तहका जनप्रतिनिधिहरुले अबका बर्षहरुमा भने यि कुरा हेक्का राखेर बेलैमा काम सक्ने र जेठ असारमा अर्को बर्षका लागि बजेट, नीति तथा कार्यक्रम निर्माणमा ध्यान दिने हो भने बल्ल बजेटको प्रभावकारीता रहन्थ्यो कि ।*

# गरिबी अन्त्य र रोजगारी सृष्टि गर्ने कुरा देखिनसहनेले बजेटको बिरोध गरे



**जनार्दन शर्मा प्रभाकर**

देशको वर्तमान आर्थिक अवस्थालाई हाम्रो क्षमता, स्रोत साधन, जनशक्ति र हामीसँग भएको पुँजीलाई प्रविधिसँग एकाकार गरेर जानुपर्ने आजको आवश्यकता हो। यसलाई परिचालन गरेर मात्र हामी हाम्रो अर्थतन्त्रलाई सुदृढ गर्न सक्छौं । यि नै उपकरणको अधिकतम प्रयोगबाट हाम्रो अर्थतन्त्रलाई सबल बनाउन सक्छौं भन्ने ध्येयका साथ आर्थिक बर्ष ०७९/८० को बजेट आएको छ ।

मुलुकको अर्थतन्त्रलाई 'आयातबाट उत्पादनतर्फ, जोखिमबाट समष्टिगत आर्थिक स्थिरतातर्फ, बञ्चितिकरणबाट समावेशीतातर्फ' प्रस्थान गर्ने गरी बजेट प्रस्तुत गरिएको छ । मुख्यगरी देशको अर्थतन्त्रका बारे चिन्तित भएको कुरा बाहिर आइरहेको छ र यो चिन्तालाई सम्बोधन गर्ने बजेट आयो कि आएन भनेर विश्लेषण गर्नुपर्ने खाँचो छ । बजेटमा राखिएका विषयहरू स्पष्ट छन् । कतिपयले पूर्वाग्रह राखेर अर्थमन्त्रीको वर्गीय दृष्टिकोण नै विचलन भयो भन्ने आरोप पनि लगाएका छन्, ती प्रश्न उठानकर्तालाई धन्यवाद छ । जे जस्ता प्रश्न उठेका छन्, त्यसले मेरो देशप्रमको भावना घटेको छैन, कति पनि विचलन आएको छैन भन्ने कुरा प्रष्ट पार्न चाहन्छु ।

हाम्रो देशमा स्रोत साधन र जनशक्तीको कमी होइन । इच्छाशक्ती, खोज, प्रतिबद्धता र इमान्दारिताको साथ काम गर्ने हो भने हामीसँग सबै कुरा उपलब्ध हुन्छन् । हामीसँग भएको प्राकृतिक स्रोत साधन, सम्पत्ती र पुँजीको एकिकृत परिचालन गर्नु मात्रै हाम्रा लागि आजको आवश्यकता हो । युवा व्यवसायी तथा व्यवसायमा आउन चाहने युवाहरुले स्टार्टअपमा देखाएको चासो, उर्जा, मेहनत र प्रतिबद्धताले के देखाइरहेको छ भने हाम्रो स्रोत साधन र क्षमतालाई समग्रमा उपयोग गर्न सकिरहेका थिएनौं, तर, अब ढिला नगरी हामी अघि बढ्नुपर्ने बेला आएको छ ।

औद्योगिक क्षेत्रलाई प्रवर्द्धन गर्न के गर्नुपर्छ भन्ने कुरा यस क्षेत्रका उद्योगी, व्यवसायीबाट प्राप्त सुझावकै आधारमा बजेटमा समावेश गरिएको छ । उत्पादन बढाई निर्यात वृद्धि गर्ने र निर्यात गर्ने उद्योगीलाई सरकारले मदत गर्ने नीति बजेटमार्फत लिइएको छ र अहिले यहीं नीति अगाडी बढिरहेको छ । जुन देशमा उद्योगलाई प्राथमिकता दिने र निकासीलाई प्रोत्साहन गर्नेगरी सरकारले व्यवसाय र उद्योगमैत्री नीति ल्याएको छ, त्यहाँ बजेटको बिरोध हुनु दुःखत पक्ष हो । बजेटमार्फत हाम्रो अर्थतन्त्रलाई आत्मनिर्भर बनाउने गरी कृषि क्षेत्रको वृहत उत्पादनमा ध्यान दिइएको छ । ३० प्रतिशतका दरले कृषि बस्तुको आयात प्रतिस्थापन गर्ने लक्ष्य राख्दै कृषि क्षेत्रलाई रुपान्तरण गर्ने कार्यक्रम ल्याइएको छ ।

पर्यटन क्षेत्रलाई विशेष प्राथमिकतामा राखेर लाखौं पर्यटन भित्र्याउने अवधारणाका साथ कार्यक्रम राखिएको छ । नेपालमा मात्रै रहेको सगरमाथा जाने, हेर्ने र चढ्ने लाखौंको चाहना छ । त्यहाँसम्म पुग्ने बाटो सजिलो बनाइदियो भने कति लाख मानिसहरु आउलान्, त्यतापट्टि बजेटमार्फत सोचिएको छ ।

बजेटमार्फत सेवा क्षेत्रको निर्यात गर्ने लक्ष्य राखिएको छ । खासगरी आइटी क्षेत्रमा काम गरेर बिदेशी मुद्रा आर्जनमा विशेष ध्यान दिइएको छ । आइएटी क्षेत्रमा युवा बर्गले धेरै रुची देखाएर काम गरिरहेको हुँदा उनीहरुलाई प्रोत्साहन गर्नुपर्छ भनेर आइटी क्षेत्रमा कर मिनाहा गर्ने गरी १ प्रतिशत मात्रै कर लगाइएको छ । यस्तो व्यवस्थाले विश्वका ठूला ठूला आइटी कम्पनीहरु नेपाल आउने संभावना बढेको छ भने आइटी क्षेत्रमा नेपाली युवालाई पर्याप्त काम गर्ने अवसर दिलाउनेछ । बजेटले आइटी क्षेत्रलाई प्राथमिकता दिनासाथ भारतको हैदरावाद र मद्रासका दुई ठूला आइटी सम्बन्धी विश्वविद्यालयले नेपाल काम गर्ने गरी सहकार्य गर्न प्रारम्भिक समझदारी गरिसकेको अवस्था छ । आइटी क्षेत्रमा हजारौं, लाखौले रोजगारी पाउने बातावरण बन्न थालेको छ ।

औद्योगिक क्षेत्रतर्फ विद्युत खपतमा २ देखी १५ प्रतिशतसम्म छुट दिने, निकासी गर्दा ८ प्रतिशतसम्म प्रोत्साहन शुल्क दिने नीतिले स्वदेशमा भएका उद्योग फस्टाउने र थप नयाँ ठूला उद्योग आउने र रोजगारी बढ्ने स्थिति सृजना गरिएको छ । कृषि क्षेत्रमा बाँझो जमिनको उपयोग बढाउनेदेखी मल कारखाना बनाउनेसम्मका कार्यक्रमहरुबाट उत्पादन बढाउने भनिएको छ । बजेटमार्फत गरिबी अन्त्य गर्ने र रोजगारी सृष्टि गर्ने कुरा गरिरहँदा यो कुरा अगाडी बढेको देख्न नसक्नेहरुले गलत मनसायका साथ गरिरहेका तर्कहरु हेर्दा तिनीहरुको अभिव्यक्ती राष्ट्रको पक्षमा छ की छैन भनेर विश्लेषण गर्नुपर्ने बेला भएको छ । कतिपयहरुले ग्रैरजिम्मेवार ढङले देश श्रीलंका बनाउने कुरा गर्दै हिडेका छन्, के यो राष्ट्रको पक्षमा छ ? देशको अर्थतन्त्र सुदृढ र व्यवस्थित गर्नुपर्ने अहिलेको खाँचो हो । अन्तर्राष्ट्रिय मूल्य श्रृङ्खलाको प्रभाव हामीले पनि भोगिरहेका छौं । जसकारण मुलुकको अर्थतन्त्रमा चुनौती थपिएको यथार्थ हो । तर, अहिले देखिएको समस्या समाधान गर्न नसकिने होइन, हामी यो समस्यालाई समाधान गरेर सुदृढ अर्थतन्त्र निर्माणको अभियानमा अगाडी बढ्छौं ।

'आयातबाट उत्पादनतर्फ, जोखिमबाट समष्टिगत आर्थिक स्थिरतातर्फ र बञ्चितितकरणबाट समावेशीतार्फ' मुलुकको अर्थतन्त्रलाई प्रस्थान गर्नेगरी सार्वजनिक भएको आगामी आबको बजेटले लिएको नीतिका कारण चालू आर्थिक बर्षको तुलनामा आगामी आर्थिक बर्ष व्यापार घाटा कम हुँदै जानेछ, निकासी वृद्धि हुँदै जानेछ, उद्योग थपिदै जानेछन्, रोजगारी र उत्पादन वृद्धि हुँदै जानेछन् भन्ने कुराको पूर्ण विश्वास दिलाउन चाहन्छु । किनभने देशभर स्वदेशमै उत्पादन वृद्धि गर्ने कुरामा सबै उद्योगी व्यवसायी एकमत हुनुहुन्छ । आन्तरिक उत्पादन वृद्धिमार्फत आत्मनिर्भर अर्थतन्त्र निर्माणको अभियानमा जुट्ने सबै उद्योगी, व्यवसायीलाई सरकारले सबै प्रकारका सहयोग गर्न तयार छ ।

कृषि क्षेत्र

कृषि क्षेत्रमा उत्पादन र उत्पादकत्व वृद्धि गर्ने बारेका कार्यक्रमहरू बजेटको बुँदा नम्बर २७ मा स्पष्ट रूपमा उल्लेख गरिएका छन् । स्थानीय तहको सहजीकरणका लागि सबै किसानहरूलाई उत्पादक समूह, कृषि समूहलगायतका समूहमा आवद्ध गर्दै उत्पादनमा जोड दिने कुरा बुँदा बजेट बक्तव्यको १ सय १२ देखि १ सय १६ बुँदासम्मा उल्लेख गरिएको छ । बाँझो एवम् उपभोगविहीन खेतीयोग्य जमिनको उपयोग गर्ने कुरा पनि बजेटमा गरिएको छ । त्यस्तै किसानहरूलाई आवश्यक तालिम, मल, बीऊ उपलब्ध गराउने कुरा स्पष्ट रूपमा व्यवस्था गरिएको छ । उत्पादित कृषि उपजको बजार सुनिश्चित गर्ने, कृषि उपजका सङ्कलन केन्द्र बनाउने, साना र ठूला कोल्ड स्टोर बनाउनेलगायतको व्यवस्था गर्न लागिएको छ । यस किसिमको व्यवस्थापनबाट किसानहरूले अब आ्ना उत्पादनको बजार नपाउने भन्ने चिन्ता गर्नुपर्ने अवस्थाको अन्त्य हुनेछ ।

उद्योग/व्यवसाय क्षेत्र

औद्योगिक क्षेत्रको रूपान्तरण र निर्यात प्रवर्द्धन गर्ने कुरा बजेटमार्फत गरिएको छ । त्यसका लागि स्वदेशमा उपलब्ध कच्चा पदार्थमा आधारित उद्योगहरूलाई प्रवर्द्धन गर्ने कुरा बजेटमा राखिएको छ । त्यस्तै कृषिमा आधारित उद्योगहरूमा लगानी गर्ने वातावरण सिर्जना गर्ने भनिएको छ । उद्योगहरूलाई कच्चा पदार्थमा छुट दिनुका साथै बिजुली उपयोगमा समेत छुट दिइएको छ । वर्षमा १० करोडसम्म बिजुली उपयोग गर्ने सयौँ उद्योगहरू छन् । त्यस्ता उद्योगहरूलाई महशुलमा छुट दिने व्यवस्था गरिएको छ । यसले औद्योगिक उत्पादन वृद्धि पक्कै गर्नेछ । अनि आयातलाई प्रतिस्थापन विस्तारै गर्दै लानेछ । यहीं व्यवस्थाका कारण निर्यातसमेत गर्न सकिने अवस्थामा पुग्नेछौँ ।

नवप्रवर्तनमा आधारित स्टार्ट अपलाई प्रोत्साहन गरी उद्यमशीलताको विकास मार्फत उत्पादन र रोजगारी सिर्जना गर्ने कार्यक्रम (बुँदा नं. ५२) राखिएको छ । यसले नयाँ उद्योग स्थापना हुनेछन् भने हजारौँले रोजगारी समेत पाउनेछन् । ग्रामीण अर्थतन्त्रको विकासको लागि कृषि र उद्यमशीलता वृद्धि गर्ने सबै श्रमयोग्य युवाहरूलाई तालिम र भेन्चर क्यापिटल मार्फत बीउ पुँजी उपलब्ध गराउने व्यवस्था गरिएको छ ।

गरिबी निवारण कसरी गर्ने ?

गरिबी नेपालको प्रमुख समस्यामध्ये एक हो । यसको निवारण अपरिहार्य छ । त्यसका लागि निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसंख्यालाई पहिचान गरी परिचयपत्र वितरण गर्ने र तिनीहरूलाई सहुलियत खाद्यान्न उपलब्ध गराउने कार्यक्रम बजेटमा राखिएको छ । यसका साथै ग्रामीण क्षेत्रमा कृषि सडक विद्युतीकरण, खानेपानी, स्वास्थ्य तथा शिक्षा तर्फ बजेट केन्द्रित भएको छ । किसान र साना तथा मझौला उद्यमीलाई बीउ पुँजी र सहुलियतपूर्ण कर्जाको व्यवस्था, लिजमा जग्गा उपलब्ध गराउने कार्यक्रम पनि बजेटमा व्यवस्था गरिएको छ । यसले ग्रामीण तथा साना कृषक एवम् व्यवसायीलाई राहत हुने विश्वास गरिएको छ ।

बेरोजगारहरूलाई व्यवसायिक र सीपमूलक तालिम दिएर सक्षम बनाउने साथै सहुलियतपूर्ण कर्जा दिने कुराले गरिबीको दरलाई घटाउने अपेक्षा गरिएको छ । एक लाख आवास घर निर्माण गरी पहिचान गरिएका गरिबहरूलाई हस्तान्तरण गर्ने, दलितहरूलाई आर्थिक सामाजिक क्षेत्रमा सबल बनाउनेलगायतका योजना अघि सारिएको छ । सामाजिक, सांस्कृतिक रूपान्तरणको कार्यक्रम सञ्चालन गरी सबै किसिमका सामाजिक विभेदहरूलाई हटाउने व्यवस्था बजेटले गरेको छ । हामीले विभेद गर्न हुन्न भनेर कानुन त निर्माण गरेका छौँ । विभेद गर्नु राम्रो होइन भनेर चेतना अभिवृद्धि भएको छैन । त्यसैले सांस्कृतिक रूपान्तरणले बलियो चेतना अभिवृद्धि गर्नेछ ।

शिक्षा क्षेत्र

मुलुकमा निजी र सरकारी गरी दुई थरीका शिक्षा प्रणाली विद्यमान छन् । अब निजी र सरकारीमा हुने विभेद हट्नेछ । त्यसका लागि प्रविधिले सहयोग गर्नेछ । शिक्षा क्षेत्रमा रहेको धनी गरिबबीचको खाडल प्रविधिले पुरिदिनेछ । अब सरकारले शिक्षा क्षेत्रको भौतिक स्तरोन्नतती, प्रविधि, डिजिटल पूर्वाधार लगायतको व्यवस्था गर्नेछ ।

कक्षा १२ मै व्यवसायिक दक्षता हासिल गराउने कार्यक्रम यो बजेटमा उल्लेख गरिएको छ । कक्षा १२ बाट पासआउट हुने विद्यार्थी अब सीप बिना बजारमा भौतारिनुपर्ने अवस्था कम हुँदै जानेछ । सैद्धान्तिक शिक्षा लिएर मात्र होइन अब प्राविधिक र प्रयोगात्मक शिक्षा लिनेछन् । विद्यार्थीहरू 'पढ्दै कमाउँदै' कार्यक्रममार्फत् व्यवसायिक र सीपयुक्त भएर बजारमा निस्कनेछन् । यसैगरी ड्रपआउट भएका र अन्य सबै युवालाई तालिमको व्यवस्था पनि गरिएको छ ।

उच्च शिक्षालाई प्रभावकारी बनाउन नयाँ विषयहरू केन्द्रित गरिएको छ । विशेषगरी आइटी विषयलाई प्राथमिकता दिइएको छ । बजेट आइसकेपछि भारतको हैदरावाद र मद्रासका दुई ठूला आइटी सम्बन्धी विश्वविद्यालयले नेपालमा आउनका लागि इच्छा देखाएर प्रारम्भिक समझदारी पत्रमा हस्ताक्षर नै गरिसकेका छन् । अहिले नेपालबाट मेडिकल क्षेत्रमा अध्ययनका लागि हजारौं विद्यार्थीहरू नेपालबाहिर गइरहेका छन् । यसले अरबौं रुपैयाँ बाहिरिरहेको छ । त्यसलाई रोक्न पनि यहीं उच्च गुणस्तरीय मेडिकल तथा प्राविधिक शिक्षाको गुणस्तर विस्तार गर्ने कार्यक्रम राखिएको छ ।

नोट: अर्थमन्त्री पदबाट राजिनामा दिनपूर्वको लेख ।

# यसर्थ माओ, क. माओ बने





लेखकः नेत्र रानाभाट

देशमा लोकतान्त्रिक गणतन्त्र स्थापना भएर समाजवाद उन्मुख संविधान घोषणा भएको पनि झण्डै एक दशक हुन लागी सक्यो । नेपालको इतिहाँसलाई अध्ययन गर्दा नेपाली कांग्रेसको स्थापना भएको आठ दशक पार गर्न लाग्दैछ भने नपुष्पलाल श्रेष्ठले कम्युनिष्ट घोषणापत्र लेखी नेपाल कमयुनिष्ट पार्टी स्थापना गरेको पनि साढे सात दशक पुरा हुँदैछ । चाहे विपी कोइरालाको प्रजातान्त्रिक समाजवादी राज्य व्यवस्थामा होस् वा पुष्पलाल श्रेष्ठको नौलो जनवादी राज्य व्यवस्थामा होस् । नेपाली जनताहरुलाई गास, वास, कपास, शिक्षा, स्वास्थ्य र रोजगारीको प्रत्याभूति राज्यको दायित्वमा पर्ने उल्लेख भएको पाइन्छ । अपशोच सो कुराको दायित्व राज्यले कहिल्यै वहन गरेन ।

नेपाली जनताहरुले अधिकार प्राप्तीका लागि विभिन्न समयमा आन्दोलन गरे । २०१७ सालदेखि २०४६ सालसम्म निर्दलीय पञ्चायती व्यवस्थाका विरुद्ध सशक्त आन्दोलनका गरे । परिणाम स्वरुपः २०४६ सालमा बहुदलीय संसदीय प्रजातान्त्रिक व्यवस्थाको पुनर्स्थापना त भयो, तर जनताले अधिकार नपाउनुको कारण पारम्पारिक पारिवारिक राजतन्त्र नै हो भनी राष्टियता, जनतन्त्र र जनजिविकाका सवालहरुलाई लिएर १० (२०५२ सालदेखि २०६२) बर्षे जनयुद्ध भयो ।



प्रचण्ड पुत्र प्रकाश दाहालको शालिक

जनयुद्धमा नेपाल आमाका लाखौं छोराछारीहरु लामबद्ध भए । महान जनयुद्धको क्रममा हजारौं नेपाली आमाका छोराछोरीहरुले वीरगति प्राप्त गरे, हजारौं बेपत्ता भए, उनीहरु अहिले पनि हराइरहेका छन्, हजारौं घाइते तथा अपांग छन् भने हजारौको संख्याले गिरफ्तारी, यातना र कारागारको जीवन बिताए ।

१० बर्षे जनयुद्धको बलमा भएको १९ दिने आन्दोलन समेतले देशमा २४० बर्षको पारिवारिक राजतन्त्रको अन्त्य भएको पनि साँढे १ दशक पुरा भइसक्यो । हाम्रो देशले एक थान बुर्जुवा गणतान्त्रिक संविधान बाहेक के पायो ? समाजवाद उन्मुख हाम्रो संबिधानले नेपाली जनताहरुलाई गास, बास, कपास, शिक्षा, स्वास्थ्य र रोजागार व्यवस्था गर्न सक्यो ? बार्षिक अरवौ रुपैया उच्च शिक्षा अध्ययनका लागी बिदेश जनाबाट रोक्न सक्यो ? दैनिक हजारौ नेपालीहरु बैदेशिक रोजगारी जान्छन्, उद्योग तथा कलकारखानाको स्थापना गरी स्वदेशमा नै रोजगारीको सृजना गर्दैछ त ? शिक्षा र स्वास्थ्यमा भएको द्वैध व्यवस्थाको अन्त्य गरी सर्वसुलभ रुपमा जनताको तहसम्म पुर्‍याउन सक्यो ? संविधानले सारा नेपाली जनतालाई गास, वास र कपासको त प्रत्याभुति गर्न त सकेन नै, गणतन्त्रका लागी लडाई लड्दा गोलीका छर्रा शरिरमा बोकेर हिडेका ती नमराज न्यौपाने (क. सेवक) उपचार नपाएर सडक पेटीमा मर्दा पनि के नै गर्न सक्यो ?

जसको कारुणीक तस्वीर छापा तथा अनलाइन पत्र पत्रिकामा समाचार बनेका छन् । कमरेड सेवकप्रति भावपूर्ण श्रदाञ्जली अर्पण गर्दै शोकाकुल परिवार तथा आफन्तजनमा समवेदना छ ।

कालिकोट जिल्ला तिलागुफा गाउपालिका निवासी नमराज न्यौपाने (क. सेवक) जनमुक्ति सेनाका सेक्सन कमाण्डर थिए। जनयुद्धको क्रममा पश्चिम नेपालका धेरै मोर्चामा लडाई लडेका थिए। जनयुद्ध कै क्रममा गोली लागी घाइते नमराजको शरिरमा गोलीका छर्राहरु थिए, तिनै घाऊहरु बल्झिए। जनयुद्धका घाइतेहरुको उपचारमा न त नेकपा ( माओवादी केन्द्र) को सहयोग रह्यो न त नेपाल सरकारको नै ।

जती बेला पूर्व जनमुक्ति सेनाका कमाण्डर नमराज न्यौपाने सडक पेटीमा छट्पटाउदै थिए, त्यती नै बेला सत्ता गठबन्धन नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल छोरा प्रकाश दाहालको शालिक अनावरण गर्दै थिए । शालिक अनावरण कार्यको माओवादी केन्द्रका केन्द्रीय नेताहरुबाट समेत टिका टिप्पणी भइरहेको छ । जनयुद्धका नेतृत्व कर्ता नेकपा (माओवादी केन्द्र) सरकारमा भएका बेला जनयुद्धका लडाकुहरु उपचार बिना नै सडक पेटीमा ज्यान गुमाउन पर्नुले राष्टित्रयता, जनतन्त्र र जनजिविकाको पक्षमा अब गरिने आन्दोलनमा पार्टी र नेतृत्वलाई कसरी बिश्वास गर्ने ?

जनताहरुको बिश्वास पाउनको लागी नेतृत्वमा हुनु पर्ने गुणको वारेमा कमरेड माओको बुझाई सान्दर्भिक लागेर यहाँ जोडिएको छ, जसका कारण चिनिया सर्बहारावादी साँस्कृतिक क्रान्तिले सफलता पाएको थियो । सन् १९५० देखि १९५३ सम्म कोरिया युद्ध भयो । उक्त युद्धमा



उपचार नपाई सडक पेटीमा ज्यान गुमाएका जनमुत्ति सेनाका सेक्सन कमाण्डर नमराज न्यौपाने (क. सेवक)

सहयोगका लागी चिनिया क्रान्तिका महान नेता कमरेड माओले आफ्नो जेठो छोरा माओ आनडू समेत रहेको ५ लाख चिनिया स्वयम्सेवक पठाए कोरिया । अमेरिकी आक्रमणका कारण सो युद्धमा ३० हजार चिनिया सवयम्सेवक मारिए । जसमा माओ आनडू (माओका जेठा छोरा) पनि १९५० नोभेम्वर २५ मा मारिए । छोरो शहिद भएको खवर माओले बुहारीलाई सुनाए, जति वेला उनको काखमा सानो बच्चा (माओको नाती) थियो । बुहारीले ससुरा (माओ) संग 'अब जिउँदो पति देख्न नपाएपनि शवको अनुहार अन्तिम पटक हेर्ने इच्छा छ' भनिन् ।

त्यसपछि माओले बुहारीलाई भने 'तिम्रो पति मात्रै होइन, अरु ३० हजार योद्दाहरु पनि कोरियामा मारिएका छन् । ती सबैको शव चीन ल्याउनु पर्दछ, जुन सम्भव नै छैन । त्यसकारण हाम्रो छोराको मात्रै शव ल्याउन मिल्दैन । हाम्रो छोराको मात्रै शव ल्याउने र अरुको नल्याउने हो भने जसजसका परिवारबाट कोरियामा शहिद भए, उहाँहरुले हाम्रो पार्टी, आन्दोलन र नेतृत्वप्रति कहिल्यै बिश्वास गर्दैनन् ।'

पति वियोगमा परेकी माओकी बुहारीले माओको कुरामा चित्त बुझाइन्, किनकी उनी पनि एक योद्धा थिइन् । यसकारण नै माओ, कमरेड माओ बने । आजसम्म त्यसरी नै बाँचिरहेका छन् । आज पनि दैनिक ६५ हजार चिनियाँ युवाहरुले शाओशान स्थित उनको घर (जुन घरलाई संग्रहालय बनाइएको छ) को अवलोकन गर्छन् र हाम्रा महान नेता भनेर हृदयदेखि नै सम्मान र आदर गर्दैं गर्वले छाती फुलाउँछन् ।

साम्राज्यवाद र विस्तारवादका विरुद्द कहिल्यै घुँडा नटेक्ने प्रण गर्छन् । तर हाम्रा नेताहरु. ......................????????? तिनका झोले कार्यकताहरु ..................????????? र नौ जवान युवाहरु ..................?????????


ज्योतिष विद्या अनुसार

ज्यो. पं. लक्ष्मण सुवेदी ९८५५०४६६५८

## यो साताको राशिफल

भाग्यमा होइन कर्ममा विश्वास गरौं

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्मानद्वारा विभुषित,

ज्योतिषी पं. लक्ष्मण सुवेदी

सह सचिव (नेपाल ज्योतिष परिषद् चितवन जिल्ला)

ज्योतिष दर्पण ज्योतिष कार्यालय भरतपुर चितवन




**मेष** (चु, चे, चो, ला, लि, लु, ले, लो, अ):

अध्ययनमा समय दिन नसकिए पनि सीप र कलामा निखारता आउनेछ। रोकिएको काम बन्नेछ। प्रतिस्पर्धीहरूलाई पछि पार्न सकिनेछ। व्यापारमा फाइदाका साथै मनग्गे धनलाभ हुनेछ। केही खर्च लागे पनि व्यवसायिक यात्राको मौका मिल्नसक्छ । प्रेमको बन्धन पनि कसिनेछ। सप्ताहान्तमा वादविवादले समस्या निम्त्याउन सक्छ ।



**वृष** (इ, उ, ओ, वा, वि, वु, वे, वो):

सद्विचारले प्रेरित हुनेहरूलाई परिस्थिति अनुकूलै रहनेछ । अध्ययनमा ध्यान केन्द्रित हुनेछ भने मिहिनेतले उपलब्धि दिलाउन सक्छ । रोकिएका काम बन्नेछन् र नयाँ काम प्रारम्भ गर्न सकिनेछ । आँट गर्दा ठूलै काम सम्पादन हुन सक्छ । साइनो गाँस्नेहरूबाट अलि सजग रहनुपर्ने देखिन्छ ।



**मिथुन** (का, कि, कु, घ, ङ, छ, के, को, हा):

प्रतिष्ठित काम गरेर अवसर हात पार्ने समय छ। आयआर्जन बढ्नुका साथै दिगो फाइदा हुने काम प्रारम्भ गर्न सकिनेछ। मिहिनेत गर्दा राम्रै अवसर पाइनेछ। तर आम्दानीका साथै कामको दायित्व पनि बढ्न सक्छ। मंगलबारदेखि लाभांशको आधा हिस्सा खर्च हुन सक्छ। काम रोकिए पनि दोहोर्‍याएर प्रयत्न गर्दा फाइदा हुनेछ।



**कर्कट** (हि, हु, हे, हो, डा, डि, डु, डे, डो):

खर्च लागे पनि दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ । सरल जीवनशैलीले अरूलाई प्रभावित बनाउन सकिनेछ । नयाँ काम प्रारम्भ गर्न सकिनेछ । रमाइलो यात्राका बीच महत्वपूर्ण भेटघाट हुने सम्भावना छ । प्रेम र मित्रताको बन्धन कसिनेछ । सप्ताहान्ततिर आकस्मिक खर्च बढ्न सक्छ । काम बिग्रने भयले सताउनेछ ।



**सिंह** (मा, मि, मु, मे, मो, टा, टि, टु, टे):

सकारात्मक परिणामले उत्साह जगाउनेछ । व्यावसायिक काममा राम्रो फाइदा हुनेछ । प्रेमको बन्धन कसिनेछ । तर, यात्राको क्रममा रमाइलो परिस्थितिलाई वादविवादले खलबल्याउने देखिन्छ । मंगलबारपछि स्वास्थ्यका लागि खानपानमा सजग रहनुहोला । धनस्थानको राहूँ भएकाले बलजफ्तीले काम बिग्रन सक्छ ।



**कन्या** (टो, पा, पि, पु, ष, ण, ठ, पे, पो):

शुभचिन्तकहरूको सहयोग जुट्नाले चिताएको काम सम्पादन हुनेछ। लगनशीलताले गुमेको प्रतिष्ठा दिलाउनेछ । लेखन तथा सिर्जनात्मक कामबाट ख्याति मिल्नेछ । साथीभाइको सहयोग जुट्नाले प्रतिस्पर्धीहरूलाई वशमा ल्याउन सकिनेछ । प्रभावशाली व्यक्तिलाई समेत हराउन सकिनेछ । दिगो फाइदा हुने काम प्राप्त हुनेछ ।



**तुला** (रा, रि, रु, रे, रो, ता, ति, तु, ते):

प्रतिष्ठित काम गरेर अवसर हात पार्ने समय छ । आयआर्जन बढ्नुका साथै दिगो फाइदा हुने काम प्रारम्भ गर्न सकिनेछ । मिहिनेत गर्दा राम्रै अवसर पाइनेछ । तर आम्दानीका साथै कामको दायित्व पनि बढ्न सक्छ । मंगलबारदेखि लाभांशको आधा हिस्सा खर्च हुन सक्छ । काम रोकिए पनि दोहोर्‍याएर प्रयत्न गर्दा फाइदा हुनेछ ।



**बृश्चिक** (तो, ना, नि, नु, ने, नो, या, यि, यु):

सुरुमा आयआर्जन राम्रो हुनेछ । व्यापारमा लाभांश बढ्नेछ भने उठ्नुपर्ने रकम हात लाग्ने छ । सहयोगीहरू फेला पर्नेछन् तर, सोखले रकम खर्च गर्नुपर्ने स्थिति निम्त्याउनेछ । मंगलबारपछि केही अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपर्दा मन खिन्न रहनेछ । फजुल खर्चका बीच कामको बोझ बढ्न सक्छ ।



**धनु** (ये, यो, भा, भि, भु, धा, फा, ढा, भे):

दिगो फाइदा हुने काम शुभारम्भ हुन सक्छ । पुरुषार्थ देखाएर दाम समाउने अवसर प्राप्त हुनेछ । मंगलबारदेखि पारिवारिक समस्याले सताउन सक्छ । अवसरवादीबाट सजग रहनु । शुभचिन्तकहरू टाढा हुनाले दुःख पाइनेछ । अध्ययन र स्वास्थ्यको चिन्ताले सताउन सक्छ । मिहिनेतले जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ ।



**मकर** (भो, जा, जि, जु, जे, जो, ख, खि, खु, खे, खो, गा, गि):

शुभचिन्तकहरूको सहयोग जुट्नाले चिताएको काम सम्पादन हुनेछ । लगनशीलताले गुमेको प्रतिष्ठा दिलाउनेछ। लेखन तथा सिर्जनात्मक कामबाट ख्याति मिल्नेछ। साथीभाइको सहयोग जुट्नाले प्रतिस्पर्धीहरूलाई वशमा ल्याउन सकिनेछ। प्रभावशाली व्यक्तिलाई समेत हराउन सकिनेछ। दिगो फाइदा हुने काम प्राप्त हुनेछ।



**कुम्भ** (गु, गे, गो, सा, सि, सु, से, सो, दा):

खर्च लागे पनि दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ। सरल जीवनशैलीले अरूलाई प्रभावित बनाउन सकिनेछ । नयाँ काम प्रारम्भ गर्न सकिनेछ । रमाइलो यात्राका बीच महत्वपूर्ण भेटघाट हुने सम्भावना छ । प्रेम र मित्रताको बन्धन कसिनेछ । सप्ताहान्ततिर आकस्मिक खर्च बढ्न सक्छ । काम बिग्रने भयले सताउनेछ ।



**मीन** (दि, दु, थ, झ, ञ, दे, दो, चा, चि):

कर्मयोगले समाजमा स्थापित गराउन सक्छ। काम देखाएर उपलब्धि हातपार्ने समय छ। मंगलबारपछि छैठौं सूर्य सप्तमेष हुने भएकाले विशेष जिम्मेवारी अथवा नोकरी प्राप्त हुन सक्छ। परिश्रमअनुसार राम्रै फल पाइनेछ। खर्च लागे पनि दिगो फाइदा हुने काम प्रारम्भ गर्ने अवसर छ। लगनशीलताले प्रसिद्धि पनि बढ्नेछ।

## महत्वपूर्ण टेलिफोन

*नवलपुरका सरकारी कार्यालय (०७८)*

| | |
|---|---|
| जिल्ला अदालत नवलपुर | ५४०४६४ |
| जिल्ला प्रशासन कार्यालय नवलपुर | ५४०७९९ |
| जिल्ला प्रहरी कार्यालय नवलपुर | ५४०१७९ |
| जिल्ला प्रहरी कार्यालय नवलपुर | ५४०१०० |
| राष्ट्रिय अनुसन्धान कार्यालय नवलपुर | ५४०४०१ |
| श्री नं. २ वन तथा पर्यावरण सुरक्षा गण | ५४०१०२ |

**नेपाल सशस्त्र प्रहरी बल ३१ नं. गुल्म ४०२१११**

| | |
|---|---|
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ५४०७२७ |
| जिल्ला मालपोत कार्यालय | ५४०२०३ |
| जिल्ला नापी कार्यालय | ५४०२०४ |
| जिल्ला वन कार्यालय | ५४०१३५ |
| करदाता सेवा कार्यालय | ५४०५०१ |
| यातायात सेवा कार्यालय | |
| जलस्रोत तथा सिचाई विकास डि.कार्यालय | |
| पूर्वाधार विकास कार्यालय | |
| जिल्ला ट्राफिक कार्यालय, नवलपुर | ५४००३० |
| जिल्ला निर्वाचन कार्यालय नवलपुर | |
| जिल्ला समन्वय समिति नवलपुर | ५४०४५७ |
| राष्ट्रिय बाणिज्य बैंक कावासोती | ५४०००३ |
| नेपाल विद्युत प्राधिकरण कावासोती | ५४०१७५ |
| दूरसंचार कार्यालय कावासोती | ५४०१६६ |
| इलाका प्रहरी कार्यालय गैंडाकोट | ५०११९९ |
| इलाका प्रहरी कार्यालय दुम्किबास | ४१६१०० |
| इलाका प्रहरी कार्यालय रजहर | ५४५१०० |
| हुलाक कार्यालय | |
| कावासोती नगरपालिका | ५४०१७० |
| गैडाकोट नगरपालिका | ५०११९० |
| मध्यविन्दु नगरपालिका | ४१०००१ |
| देवचुली नगरपालिका | ५७५०१० |
| हुप्सेकोट गाउंपालिका | |
| विनयी त्रिवेणी गाउंपालिका | |
| बुलिङ्टार गाउंपालिका | |
| बुंदीकाली गाउंपालिका | |
| सुरक्षित आप्रवासन परियोजना | ५४०३११ |

*परासीका सरकारी कार्यालय*

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय, नवलपरासी | ५२०१३३ |
| जिल्ला प्रहरी कार्यालय, नवलपरासी | ५२०१०० |
| जिल्ला समन्वय समिति, नवलपरासी | ५२०१४४ |
| जिल्ला खानेपानी कार्यालय, नवलपरासी | ५२०११० |
| जिल्ला शिक्षा कार्यालय, नवलपरासी | ५२०१०५ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ५२०८३१ |
| जिल्ला वन कार्यालय | ५२०१३५ |
| मालपोत कार्यालय, परासी | ५२०१७७ |
| नापी शाखा, परासी | ५२०१३९ |
| कोलेनिका, परासी | ५२०१४० |
| भूमिसुधार कार्यालय, परासी | ५२०१३२ |
| दमकल, परासी | ५२०२५२ |

*एम्बुलेन्स सेवा*

| | |
|---|---|
| नेपाल रेडक्रस कावासोती | ९८४७१४५२६६ |
| दुम्कौली स्वास्थ्य केन्द्र केउरानी | ९८४७०७४०९९ |
| चोरमारा स्वास्थ्य केन्द्र चोरमारा | ९८६०१९८४६५ |
| पितौजीघाट हेल्थपोष्ट भेडाबारी | ९८५५०६४३८८ |
| कालीगण्डकी अस्पताल कावासोती | ९८४७०५३२५० |
| मध्यविन्दु अस्पताल डण्डा | ९८४७०१४५६४ |
| देवचुली अस्पताल दलदले | ९८४७२३८७४४ |
| नवलपुर अस्पताल | ९८४७४३५३६९ |
| भूपू सैनिक कावासोती | ९८४४७१०२४२ |
| सन्तुदेवी उपचार पिठौली | ९८४७०७४७३४ |
| हजुरको सहकारी झ्यालबास | ९८४७४१५६१३ |
| पिपिल्स सहकारी देउराली | ९८०४४६२७९६ |
| शक्ति श्री सेवा समाज चोरमारा | ९८५७०४०५३९ |
| नन्दभाउजु उपभोक्ता समिति कोल्हुवा | ९८१७५०००९३ |
| दीर्घायू नेपाल कोल्हुवा | ९८४७२३८२५३ |
| परिवार नियोजन संघ अरुणखोला | ९८४१३६४०४५ |
| नेपाल रेडक्रस अरुणखोला | ९८६७२३५३२४ |
| दुम्किबास बजार समिति | ९८६८३३०२७२ |
| जनकल्याण सहकारी दुम्किबास | ९८४४७४९७२६ |
| श्रीजिमी नेवा गुठी सर्दी | ९८६७०२६७९९ |
| लालीगुराँस क्लब सर्दी बगैचा | ९८६७०२५६३१ |
| नारायणी टोल सुधार प्रगतिनगर | ९८५७०४०६४४ |
| भुपू शैनिक रजहर | ९८०७४४१००१ |
| नेपाल जु.रेडक्रस रजहर | ९८५७०४१०३३ |
| नवदुर्गा युवा क्लब मुण्डे | ९८१६२६५५४१ |
| सिजी मेडिकियर केउरानी | ९८०६९६७०३१ |
| न्यूरे स्मृति प्रतिष्ठान फारम | ९८५७०४०४८८ |
| चेन्ज नेपाल अमरापुरी | ९८४७२७१२३४ |
| तुल्सीलालस्मृति प्रतिष्ठान गैडाकोट | ९८४५०६२७७८ |
| भिडिआरसी गैडाकोट | ९८४५०२४४६५ |

*सञ्चार संस्था*

| | |
|---|---|
| दाउन्ने साप्ताहिक | ९८०४४२१०६० |
| नेपाल पत्रकार महासंघ, नवलपरासी | ५२०४७९ |
| देवचुली टिभी | ५४०९१२ |
| मुकुन्दसेन टिभी | ५४१०९८ |
| बुद्धदर्शन टिभी | ५४११३२ |
| त्रिवेणी टिभी | ५८०८९९ |
| मध्यबिन्दु एफ.एम. | ०७८-५४०६१६ |
| सामर्थ्य एफ.एम. | ०७८-५४०९२३ |
| नवलपुर एफ.एम. | ०७८-५४११०४ |
| विजय एफ.एम. | ५०१४०५ |


नवलपरासी जिल्लाकै नं. १ अनलाइन सफल

www.daunnenews.com

हेर्न नभुलौं ।

## गर्मी मौसम:
# के खाने, के नखाने?



अहिले गर्मीको मौसम छ। गर्मीले आजित बनाएपछि मानिसलाई के गर्ने र कसो गर्ने भन्ने हुन्छ। कहाँ शितल होला, के खाँदा शितल होला भन्ने पिरलो सबैलाई हुन्छ। त्यसैले गर्मीका बेला  खाने कुरामा ध्यान दिनुपर्छ।

गर्मीमा शरीरमा पानीको कमी हुने अर्थात् डिहाइड्रेसन हुने लगायतका विभिन्न खाले संक्रमण तथा स्वास्थ्य समस्या देखिन सक्छन्। डिहाइड्रेसनको खतरा गर्मी याममा निकै बढि हुने भएकाले आफ्नो खानपिनको आदतमा विशेष ध्यान दिन र जिउको रोगप्रतिरोधी क्षमता बढाइराख्न विशेषज्ञहरुले सल्लाह दिने गरेका छन्।


गाँजर, गोलभैँडा, पालक, काँक्रो, खरबुजा, मेवा, आँपजस्ता फलफूल खानुपर्छ। गर्मीमा यस्ता मौसमी फल खानु ज्यादै राम्रो हो। यसले एसिडिटीको समस्याबाट पनि छुटकारा दिलाउँछ। यस्ता मौसमी तरकारी र फलफूल खाने गर्नाले शरीर शीतल रहन्छ। पोषण विज्ञहरुका अनुसार गर्मीमा मानव शरीरबाट अत्यधिक पसिना निस्कने कारण इलेक्ट्रोलाइट असन्तुलित बन्दछ। त्यसकारण नियमित खानाको अलावा फलफूल तथा सागसब्जी र प्रसस्त सलाद लिनु जरुरी हुन्छ। गर्मी याममा सरीरमा पानीको पर्याप्त आपूर्तिका लागि प्रसस्त पानीको मात्रा हुने सागसब्जी तथा तरकारीहरु जस्तै फर्सी, करेला, लौका, पालुंगो, हरियो सिमीको भोजन गर्नुपर्छ।

गर्मी याममा खाजाको रुपमा पनि दुध, फलफुल, जुस, टुसा उमारेको गेडागुडी लगायतका परिकार समावेश हुनु आवश्यक हुन्छ। त्यसका साथै बिहानको खानामा दालभात समावेश गर्नु राम्रो हुन्छ।

बेलुकीको खानामा फाइबरयुक्त सागसब्जी, बन्दा तथा काउली र रोटीको सेवन गर्नु स्वस्थकर हुने र जिउले पचाउन सजिलो हुने बताइन्छ।

गर्मी याममा डिहाइड्रेसनबाट बच्नका लागि ग्रीन टी अथवा कोल्ड कफीको सेवन पनि लाभदायी हुन्छ। गर्मीको समयमा शरीरको पाचन प्रणालीमा समेत समस्या आउने भएकाले हल्का खाना खानुपर्छ नत्र अपच हुने जोखिम हुन्छ। लामो समयको अन्तरालमा धेरै खानेकुरा खानुभन्दा छिटो छिटो तर थोरै थोरै खानेकुरा खाएमा पचाउन सजिलो हुन्छ।


त्यस्तै तरबुजा, खरबुजा, कांक्रो, लिची, स्याउ जस्ता मौसमी फलफुल खानुपर्छ, जसले शरीरमा पानीको पर्याप्त आपूर्ति गर्नुका साथै रोग प्रतिरोधी क्षमता पनि बढाउँछ। बजारमा पाइने चिसो पेय पदार्थको साटो दही, उखुको रस, नरिवल पानी तथा लस्सी पिउनु आवश्यक हुन्छ। तेलमा तारेका, भुटेका खानेकुराहरु नखानु नै राम्रो हुन्छ। खानेकुरा पकाएर लामो समयसम्म नराख्नुहोस्, छिटै खानुहोस्। बासी खानेकुरा खाँदा रोगको संक्रमण हुने जोखिम हुन्छ।



## नेपाली लोककथाः
# बुढो बाबु फाल्ने डोको

**अमित ढकाल**



एक समयमा, पहाडखण्डमा एउटा बुढो बस्तथ्यो। उसको एउटा छोरो पनि थियो। छोरोको छुडाकर्म, विवाह इत्यादि गराई, बुढो छोराबुहारीको भरमा बस्न थाल्यो।

यसबेलासम्म बाबु निकै बुढो भइसकेको थियो। तल-माथि गर्न पनि सहारा लिएर मात्र गर्न सक्थ्यो। बुढाकी बुहारीबाट एक छोरो जन्मियो। बुढो अब त जहाँ बस्यो, त्यहाँ नै खाने, पिउने, दिसा-पिसाब गर्ने र सुत्ने अवस्थामा थियो।

बुढाको छोराले एक दिन विचार गऱ्यो, 'यो बुढो खालि खाई मात्र रहन्छ, न यता जान्छ न उता। दिसा-पिसाबसमेत अरुले गराइदिनुपर्छ। अझ कति बाँच्ने हो? काल पनि किन नआएको होला। बरु भीरबाट खसालिदिने हो कि ! हामीलाई पनि आनन्द, बुढो पनि चाँडै स्वर्ग जान पाउने।'

यति विचार गरेर ऊ आफ्नी स्वास्नीसित सत्य कुराको सल्लाह माग्न हिँड्यो। स्वास्नीचाहिँ पनि बुढो ससुराको चाकरी गर्दागर्दै आजित भइसकेकी थिई। त्यसैले, आृनो पोइको कुरा 'ठिकै हो' भनेर भनी।

यति भइसकेपछि आफ्नो बुढो बाबुलाई एउटा डोकोमा राखेर भीरबाट खसाल्न भनी ऊ हिँड्यो। उसको पछिपछि उसको सानो छोरो पनि लाग्यो। भीर धेरै टाढा थिएन। बुढो बिचरो कान पनि सुन्दैनथ्यो र आँखा पनि राम्ररी देख्दैनथ्यो। बुढोलाई 'मार्न लगेको' भन्ने के थाहा? उसले त, छोराले डोकोमा बोकेर देउताथान दर्शन गराउन लगेको होला भन्ने ठानेछ। त्यसकारण, बुढो केही नबोली चुप लागेर बस्यो।

भीर आएपछि त्यसले बुढो बाबुलाई खसाल्नै के लागेको थियो, सानो छोराले भन्यो, 'बा ! बा ! डोकोचाहिँ नखसाल्नुस् नि। '

बाबुले सोध्यो, 'किन?'

छोराले जवाफ दियो, 'ल, अहिले डोको फालेर मैले पछि तपाईंलाई केमा राखेर फाल्ने नि?'

छोराको कुरा सुनी, आश्चर्य मानी, बाबुले सोध्यो, 'कसलाई फाल्ने?'

छोराको जवाफ दियो, 'तपाईंले तपाईंको बाबुलाई फाल्ने, अनि मैले तपाईंलाई।'

छोराको कुरा सुनी, उसको बुद्धि फर्क्यो र घर आई आृनो बाबुलाई खुब मान गऱ्यो।

(तुलसी दिवस सम्पादित 'नेपाली लोककथा' (२०३२) बाट साभार)

# सुन्दर देखिन के खाने ?



अनुहार प्रतिक मानिन्छ। अनुहारको छाला चम्किलो बनाउन अनेकथरी गरिन्छ। क्रिम पाउडर घसिन्छ। तर, छाला शरीरकै अंग भएकाले बाहिरी कुराले भन्दा भि

३त्री तत्वले अर्थ राख्छ। खानेकुराका कार ण छाला प्रभावित हुन्छ। छाला स्वस्थ सुन्दर बनाउन के खाने?

**अमला, कागती र भेडेखुर्सानी**

भिटामिन सीयुक्त खाना खानाले छालाको क्षमता बढ्छ, छालाको लचकता पनि बढ्छ र छालालाई सुक्खा हुनबाट जोगाउँछ। अमला, सुन्तला, कागती, भेडे खुर्सानीजस्ता प्रचुर भिटामिन सी पाइने खानामा जोड दिनुपर्छ।

**गाँजर, बदाम र सूर्यमुखी फूलको बियाँ**

बेटा क्यारोटिन नामक तत्वले छालालाई जवान र स्वस्थ राख्ने कोषिकाहरू उत्पन्न गर्न मद्दत गर्छ। गाजर, सूर्यमुखी फुलको बियाँ, बदाम आदिमा यो तत्व पाइने भएकाले यिनलाई भोजनमा समावेश गर्नु राम्रो हुन्छ।

**सी फूड, गेडागुडी  र प्याज**

जिंकले शरीरका कोषिकालाई हुर्काउन, बढाउन मद्दत गर्छ। यस्ता कोषिकाले छालालाई जवान र आकर्षक बनाउँछन्। सी-फुड, गेडागुडी र प्याज खानु छालाको स्वास्थका निम्ति फाइदाजनक हुन्छ।

**ओखर र सोयाबिन**

ओमेगा-३ ृयाट्टी एसिडलगायत तत्वले छालालाई सुक्खा हुन दिँदैन। यस्तो ृयाट शरीर आफैँले उत्पादन गर्न नसक्ने भएकाले यो पाइने खाना खानुपर्छ। यस्ता खानाले छालाको सुक्खापन कम हुँदै जान्छ। ओखर, सोयाबिन, माछा, बदाम, एभोकाडो, जैतुनको तेल आदि बेला-बेला खानुपर्छ।

**फलफूल**

मौसम अनुसारको फलफूल खानु स्वास्थ्यका लागि निकै फाइदा हुन्छ। फलफूलले समग्र स्वास्थ्यका लागि फाइदा गर्छ। छालामा सुन्दरता र चमक ल्याउन पनि मद्दत गर्छ।

# डुबेर निधन

नवलपुर । पूर्वी नवलपरासीमा खोलामा पौडी खेल्ने क्रममा डुबेर एक जना बालकको निधन भएको छ ।

नवलपुर प्रहरीका अनुसार कावासोती नगरपालिका ५ मा केरुङ्गे खोलामा पौडी खेल्ने क्रममा डुबेर शनिबार कावासोती ५ निवासी १२ बर्षीय नवलसिंह झेडीको निधन भएको हो ।

पौडी खेल्ने क्रममा डुबेर वेपत्ता भएका बालकको स्थानीय र प्रहरीले उद्दार गरेको थियो ।

बालकको उद्दार गरी प्रहरीले तत्काल उपचारको लागि मध्यविन्दु जिल्ला अस्पताल लगिएको भए पनि अस्पताल पुगेको केही बेरमै स्वास्थ्यकर्मीले बालकको निधन भएको घोषणा गरेको थियो ।

# बालक मृत भेटिए

नवलपरासी । नवलपुरको विनयी त्रिवेणीबाट हराइरहेका २१ महिने बालक मृत अवस्थामा भेटिएका छन्।

असार १५ गतेदेखि हराइरहेका २१ महिने बालक ९ दिनपछि आज मृतअवस्थामा फेला परेको इलाका प्रहरी कार्यालय दुम्कीबासले जनाएको छ ।

विनयीत्रिवेणी गाँउपालिका वडा नं. ७ शिवपुरगढीबाट हराएका मनी थापाका २१ महिनाका छोरा प्रज्वल थापा घरभन्दा ४ किलोमिटर टाढा गण्डक नहर नजिकैको साईफनमा मृत अवस्थामा भेटिएका हुन् ।

प्रहरीका अनुसार शव सडेको अवस्थामा पानीमा तैरिएर बसेको थियो । घर नजिकबाट बगेको कुलोमा परेर बालकलाई बगाएर टाढा पुऱ्याएको हुन सक्ने प्रहरीले अनुमान गरेको छ ।

# उम्मेदवारी घोषणा

नवलपरासी । पूर्वी नवलपरासीका पत्रकार घनश्याम बगालेले प्रेस युनियनको आसन्न निर्वाचनमा केन्द्रिय सदस्यमा उम्मेदवारी दिने भएका छन् ।

उनले आज कावासोतीमा पत्रकार भेटघाट तथा चियापान कार्यक्रमको आयोजना गरी उम्मेदवारी घोषणा गरेका हुन् ।

प्रेस युनियन नवलपुरले बगालेलाई नवलपुरबाट एक मात्र उम्मेदवारको रुपमा अगाडि लैजाने निर्णय गरेको छ ।

बगालेले पत्रकारहरुको हकहितका लागि आफ्नो उम्मेदवारी रहेको कार्यक्रममा बताएका थिए ।

# मूल्यवृद्धिको विरोध

नवलपरासी । राप्रपा नवलपुरले पेट्रोलियम पदार्थमा भएको मूल्य वृद्धि त्यसको नाममा अन्य क्षेत्रमा भएको मूल्य वृद्धि र कालोबजारी रोक्न माग गर्दै कावासोतीमा प्रदर्शन गरेका छन् ।

आज राप्रपा नवलपुरले नवलपुरको कावासोतीमा जिल्ला प्रशासन कार्यालय अगाडि नाराबाजी सहित प्रदर्शन गरेका हुन् ।

राप्रपाले मूल्य वृद्धि विरुद्ध देशव्यापी आन्दोलन थालेका छन् । सोही क्रममा आज पनि प्रदर्शन गरिएको राप्रपा नवलपुरका अध्यक्ष विष्णु अधिकारीले जानकारी दिए ।

उनीहरुले राजसंस्था, हिन्दु राज्यको पक्षमा र गणतन्त्र, संघीयताको विरोधमा नाराबाजी समेत गरेका थिए ।

## मालपोत कार्यालय कावासोती
### नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को

## हकदावी सम्बन्धी ३५ दिने सूचना

**सूचना प्रकाशित मिति: ३०७९/३/९**

यसमा निवेदक हुमिसरा घर्तीले मृतक जग्गाधनी बलबहादुर घर्ती मगरको नाउमा दर्ता कायम रहेको जग्गा साविक वेनीमणीपुर वडा नं. २ को कि. नं. ६६७ र ६७० क्षेत्रफल ०-७-७, ०-९-११ जग्गा निज बलबहादुर घर्ती मगरको पत्नी पनि यस अघि नै मृत्यु भएकोले निजको नजिकको हकदार कोही नरहेको भनी निज मृतकको भाई बुहारीले उक्त जग्गा नामसारी गरी पाउँ भनी माग निवेदन गरेकोमा माग अनुसार गर्नु नपरे कुनै कारण भए अर्थात अन्य कोही नजिकको हकदार भए सप्रमाण म्याद भित्र दावी विरोध गर्नु आउनु हुन भनी यो हकदावीको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा समेत जानकारी गराइन्छ ।

## मध्यविन्दु नगरपालिकाको
### सार्वजनिक हितका लागि जारी गरिएको सूचना

- नगरपालिकाद्वारा सञ्चालित नियमित सरसफाई अभियानमा नियमित सहभागी बनौं।
- घर तथा सार्वजनिक भवन निर्माणको क्रममा बाटोमा पर्ने गरी निर्माण सामग्रीहरु जथाभावी नगराखौं।
- घर, आँगन तथा बाटो नियमित सरसफाई गरौं।
- बाटोमा जथाभावी निर्माणका सामग्रीहरु राख्दा दुर्घटना निम्त्याउन सक्ने, बाढीको बखत नालाहरु थुनिएर घरघरमा बाढी पस्न सक्ने र बाटो समेत विग्रने भएकोले निर्माण सामग्री गिटी, बालुवा, ढुंगा, इट्टा, रड जस्ता सामग्रीहरु बाटो तथा सार्वजनिक स्थानमा नराखौं।
- पालिकाको अनुमती लिएर मात्र घर निर्माणको काम गरौं, घर निर्माण गर्दा नक्सा पास अनिवार्य गर्नुहोला ।
- पालिकाद्वारा सम्पादन हुने सेवा प्रवाह र विकास व्यवस्थापन सम्बन्धी कुनै गुनासो भएमा वडा अध्यक्ष, नगर प्रमुख, उपप्रमुख एवं अन्य विषयगत शाखा प्रमुख समक्ष राखौँ।


**मध्यविन्दु नगरपालिकाको कार्यालय**
**नवलपरासी बर्दघाट सुस्ता पूर्व, गण्डकी प्रदेश**


## दाउन्ने साप्ताहिक पत्रिकामा विज्ञापन दिनु परेमा वा ग्राहक बन्नु परेमा:

**९८४७१७०४११, ९८०४४२१०६० र ९८६४५७२०१३**

# मेरो कार्यकालमा कोही लालपूर्जाविहिन हुने छैनन्: हरी न्यौपाने

नवलपरासीपूर्व देवचुली नगरपालिकाको मेयरमा नेकपा एमालेबाट हरीप्रसाद न्यौपाने निर्वाचित भए । नेपाली कांग्रेसका प्रभावशाली नेता डा. सशांक कोइरालाको निर्वाचन क्षेत्रसमेत रहेको देवचुलीको स्थानीय सरकारको नेतृत्व सम्हाल्न आइपुगेका नगरपालिका प्रमुख न्यौपानेसँग स्थानीय सरोकारका विषयमा केन्द्रित रहेर गरेको कुराकानी प्रस्तुत गरेका छौं ।




**देवचुली नगरपालिकाको प्रमुख निर्वाचित हुनु भएको छ । सर्वप्रथम नगरपालिकाको कार्यभार सम्हाल्दै गर्दा नगरको सम्भावना र विकाशका प्राथमिकताहरू के देख्नु भएको छ ?**

खासगरी अघिल्लो जनप्रतिनिधिले गरेका राम्रा र अधुरा रहेका महत्वपूर्ण कामहरुलाई पूरा गर्ने मेरो पहिलो प्राथमिकता हो । शिक्षा, स्वस्थ्य, रोजगारका साथै बालबालिका क्षेत्रमा केही मनोरन्जनतर्फ जोड दिने खालका योजनाका साथै कभर्ड हाउस, ग्रीन पार्क निर्माण लगायतको काम गर्ने योजना बनाएका छौं । सँगसँगै यो पर्यटनको प्रचुर सम्भावना बोकेको क्षेत्र भएकाले पर्यटन प्रवर्द्धनका सन्दर्भमा केही कामहरु गर्नुपर्ने ठानेका छौं । पर्यटनका साथै होमस्टेको सम्भावना पनि उत्तिकै रहेकाले आन्तरिक तथा बाह्य पर्यटकलाई भित्र्याउने योजना हामीले बनाउँदै छौं ।

**अघिल्लो ५ वर्षको अवधिमा जनप्रतिनिधिले गर्न नसकेको महत्वपूर्ण कामहरू, जो तपाईंका नजरले देखेका छन्, ती के हुन् ?**

अघिल्लो कार्यकालमा नबिनतम कामहरु केही पनि देखिदैनन् । बाटाघाटा, कालोपत्रे, ग्राभेल आदि इत्यादी कामहरु पनि न्यून मात्रै देखिएका छन् । अहिलेको आवश्यकता अनुसारका नविनतम कामहरु भएको देवचुलीबासीले महशुस गर्न पाएका छैनन् । देवचुलीवासीले अपेक्षा गरेअनुसकार कामहरु गर्नका लागि हामीले मसिनो गरी योजनाबद्ध ढंगले लाग्दैछौं । के गर्दा जनता सुखी र खुशी हुन्छन् र जनताको समस्या समाधान हुन्छ त्यसैअनुरुप परिणाममुखी बनाउने कुरामा हामी तत्पर छौं ।

**नेपाली कांग्रेसका प्रभावशाली नेता डा. सशांक कोइरालाको क्षेत्रसमेत पर्ने यो पालिकामा कांग्रेसलाई हराएर तपाईहरूलाई जनताले विश्वास गरेका छन् । तपाईं त्यस्तो नबिनतम, काम के गर्नु हुन्छ होला ?**

यो एकदमै महत्वपूर्ण कुरा हो । हामीलाई निकै चुनौति छ । माननीय सशांक कोइराला पटक पटक निर्वाचित हुनु भएको यो क्षेत्रमा अहिले हामीले स्थानीय सरकारको कार्यभार सम्हाल्ने मौका हामीले पाएका छौं । हामीले यहाँको साधनस्रोतले भ्याएसम्मको नयाँ योजना तयार बनाएर जनतालाई परिवर्तन र विकासको अनुभूति गराउने कुरामा लाग्छौं । माननीय सशांक कोइरालाले गरेको कामको अनुभूमि यहाँका नागरिकले गरिसक्नु भएको छ । उहाँले यहि क्षेत्रबाट तीन तीन पटक निर्वाचित भइसक्दा कति काम गर्नु भयो र जनता कति सन्तुष्ट भए भन्ने कुरा स्पष्ट भइसकेको छ । जनताले आफै बुझ्नु भएको छ । म यसबारेमा उहाँको आलोचना गर्न चाहन्न । त्यसैको विकल्पको रुपमा स्थानीय सरकारका रुपमा म लगायत मेरो टिमलाई जनताले निर्वाचित गर्नु भएको छ । देवचुलीबासीले दिएको मतलाई सम्मान र कदर गर्दै अबको ५ वर्षको कार्यकालमा अतिउत्तम विकासको अनुभूति गराउने गरी म योजना बनाएर लाग्ने छु । शिक्षा, स्वास्थ्य, रोजगार, पर्यटन जस्ता कामहरुमा मैले ध्यान दिनेछु । सँगसँगै वृद्धा, बालबालिका, युवा, अपाङगता भएका नागरिक सबैले अनुभूति गर्ने किसिमका कामहरुमा मेरो ध्यान जानेछ । मेरो आृनो समय देवचुलीको विकासको निम्ति अबको पाँच वर्षमा फरक अनुभूति गर्ने गरी म लाग्ने छु । विकासको अनुभूति गराउने कुरामा मेरो आृनो प्रतिवद्धता जाहेर गर्न चाहन्छु ।

**स्थानीय तहको निर्वाचनअघि नेपालमै पहिलो पटक देवचुली नगरपालिकामा "नोट लालपूर्जा नो भोट" अभियान चलेको थियो । यी सुकुम्बासीको माग सम्बोधन कसरी हुन्छ ?**

देवचुली नगरपालिकाबासीले हामीलाई विश्वास गरी निर्वाचित गराउनु भएकाले नगरपालिकाको पहिलो बैठकबाट नै हामीले लालपूर्जा दिने सन्दर्भमा पहल गर्नेछौं । त्यसका लागि हामी सम्बन्धित निकायमा डेलिगेशन जाने र सरकारलाई छिटो भन्दा छिटो आयोग बनाउनका लागि दबाब दिने पहिलो काम गर्छौं । हामीले जनताको काम गर्नुपर्छ, हामीलाई जनताको दबाब परिरहेको छ । हामी जनताको काम गर्न तत्पर छौं । सँगसँगै देवचुली नगरपालिकाको तर्फबाट त्यस कामका लागि बजेट बिनियोजन गर्नेदेखि आवश्यक प्राविधिक जनशक्तिको ब्यवस्था गरेर अघि बढ्न नगरपालिका तयार छ । हामी आयोगको पर्खाइमा छौं । आयोग छिटो दिनुस् भनेर हामीले विपक्षी दलका नेतालाई पनि गुहारेका छौं । चाडै आयोग दिने वित्तिकै हामी यो काम सूचारु गर्छौं । जनतालाई पूर्जा दिने काममा बर्खा, झरी केही नभनी म नगरपालिकाको प्रमुखको हैसियतले लाग्नेछु । मेरो कार्यकालभित्र यहाँका कुनै पनि नागरिक लालपूर्जाविहिन हुने छैनन् । जो जहाँ बस्नु भएको छ, त्यही ठाउँको पूर्जा वितरण गर्न नगरपालिका प्रतिवद्ध छ ।

**देवचुली नगरपालिकाको केही पहाडी भेगसमेत रहेको हुदा ती पहाडी भेगका बासिन्दा सधैं उपेक्षित हुने गरेका छन् । उपेक्षित पहाडी भेगका नगरवासीका सन्दर्भमा नगरको योजना के रहन्छ?**

हो, विगत लामो समयदेखि नगरपालिका भित्रका पहाडी भेगका बासिन्दा उपेक्षित छन् । नगरपालिका भइसकेपछि पनि यहाँका बासिन्दाले नगरपालिकाबाट पाउनुपर्ने न्यूनतम सुविधासमेत पाउन सक्नु भएको छैन । उहाँहरुलाई अहिलेसम्म विकासको अनुभूति हुन सकेको छैन । हामी यस विषयमा गम्भीर छौं । सबै ठाउँमा मोटरेबल बाटो र विभिन्न ठाउँमा पुलहरु निर्माण गर्नेबारेमा योजना बनाउँदैछौं । साथै, पहाडी भेगमा अदुवा, बेसार लगायतका ब्यवसायिक उत्पादन एवम् बाखा, बंगुर लगायतका ब्यवसायिक पशुपालन केबाट नगरवासी बढी लाभान्वित हुन्छन्, त्यसबारेमा अध्ययन गरेर कार्ययोजना अघि बढाउने छौं । त्यस क्षेत्रका किसानलाई ब्यवसायीकरण गरेर अघि बढाउने सन्दर्भमा हामी गम्भीर ढंगले लाग्ने छौं । हामी नगरपालिकाभित्रको पहाडी भेगका सबै नागरिकलाई विकास, ब्यवसाय एवम् रोजगारको अनुभूति गराउन पूर्ण प्रतिबद्ध छौं ।

**लामो समय ब्यवसायिक रूप पशुपालन गरेर त्यस क्षेत्रमा विज्ञता हासिल गर्नु भएको तपाईं स्वयं भएकाले ब्यवसायिक किसानको समस्यालाई कसरी सम्बोधन गर्ने सोच्नु भएको छ ?**

अत्यन्तै महत्वपूर्ण कुरा उठाउनु भयो । बास्तवमा म आफै किसान हुँ र किसानको समस्याकाबारेमा जानकार छु । अहिले कृषि क्षेत्र अत्यन्तै जटिल अवस्थामा छ । कतिपय कृषक तथा पशुपालकहरु किसानहरु धारासायी अवस्थामा पुग्नु भएको छ । ब्यवसायिक किसानहरु पलायन हुने अवस्था देखिरहेको छु । ब्यवसायिक किसानहरुलाई पलायन हुनबाट रोक्न र ऊर्जा प्रदान गरी ब्यवसायिक कृषि क्षेत्रमा थप आकर्षित गर्ने कार्यक्रमहरु हामीले अगाडि सार्न जरुरी छ । त्यसकारण के के कुरामा अनुदान दिएर हुन्छ वा कसरी सहयोग गर्न सकिन्छ भन्नेबारेमा उहाँहरुसँग नै छलफल तथा अन्तरक्रिया गरी लागत घटाएर फाइदामा लैजाने सन्दर्भमा हामीले महत्वपूर्ण कदम चाल्नेछौं । किसानहरुको भेलाबाट नगरस्तरीय समिति बनाउनुपर्ने मैले आवश्यकता देखेको छु । दूध तथा तरकारी उत्पादन गर्दै आएका ब्यवसायीक किसानहरुको टोलीसँग अन्तरक्रिया गरी अगाडि बढ्ने भन्नेबारेमा हामी लाग्ने छौं । अपेक्षित लाभ लिन नपाएका र ब्यवसायबाट निरुत्साहित हुँदै गएका सबै किसानहरुसँग बसेर थप योजना बनाइ उहाँहरुलाई सफल किसान बनाउने सन्दर्भमा हामी गम्भीर ढंगले अघि बढ्नेछौं ।

**देवचुली नगरपालिकामा रहेको चौधरी उद्योगले सार्वजनिक जग्गा अतिक्रमण गर्नेदेखि वातावरण प्रदुषण गर्ने गरेको विषय पनि बारम्बार उठ्ने गरेको छ । विगतका जनप्रतिनिधिहरूले यसतर्फ ध्यान नदिएको स्थानीयको गुनासोलाई कसरी सम्बोधन गर्नु हुन्छ ?**

देवचुली नगरपालिकाभित्रका सार्वजनिक जग्गामा लामो समयदेखि बस्दै र जग्गा उपभोग गर्दै आएका नागरिकलाई त्यही ठाउँमा पूर्जा उपलब्ध गराउनु पर्छ, त्यसमा हामी प्रतिबद्ध छौं । त्यसबाहेक ब्यवसायीहरुबाट अतिक्रमण गर्दै आएका जमीनहरु भने नगरको स्वामित्वमा रहन्छ । सार्वजनिक जग्गाहरु कुनै उद्योग कलकारखानाले अतिक्रमण गरेको छ भने अतिक्रमण रोक्नका लागि नगरबाट उपयुक्त कदम चाल्ने छौं । अर्कोकुरा, उद्योग वरिपरिका बस्तीहरुमा वातावरण प्रदुषण भई नागरिकहरु प्रताडित हुने गरेका छन् । उद्योगले वातावरणीय प्रभाव पारेको भन्दै पीडितका तर्फबाट गठित स्थानीय वातावरणीय समितिबाट आएका गुनासाहरु विगतमा सम्बोधन हुन सकेनन् । यसतर्फ हाम्रो ध्यानाकृष्ट भएको छ । हामी स्थानीय समिति र उद्योग सञ्चालकसँग छलफल गरी प्रदुषण रोक्नेबारेमा उपयुक्त निर्णय लिनेछौं ।

**अन्तमा, निर्वाचनअघि देवचुलीबासीलाई दिएका आश्वासनहरूका बारेमा के भन्न चाहनुहुन्छ ?**

बास्तवमा हामी धेरै ठूला आश्वासन र गर्नै नसकिने केही पनि सपना बाँडेका छैनौं । हामीले अहिले देखापरेका स्वास्थ्य, शिक्षा, रोजगार, सुकुम्बासीलाई लालपूर्जा, किसानलाई मल बिउ जस्ता अत्यावश्यक विषयहरुहरु कार्यान्वयनमा ल्याउने गरी अघि बढ्ने योजना बनाएका छौं । देवचुलीबासीलाई राहतको महशुस हुने गरी नै काम गर्नेछौं । नगरबासीले प्रत्यक्ष लाभको महशुस गर्ने गरी काम गर्नका लागि खाका कोर्दैछौं । खाका कोरिसकेपछि त्यसलाई योजनामा लैजाने र देवचुलीको विकास र साँच्चिकै परिवर्तनको अनुभूति दिलाउने गरी काम गर्न हामी प्रतिवद्ध छौं ।

**जनहितमा जारी सन्देश**

खानेपानीको महशुल समयमा तिरौं, असल उपभोक्ताको परिचय दिऊँ ।
खानेपानी क्षेत्र ओरपर सधै सफा राखौं, घरमा समेत खानेपानी सुरक्षित गरौं ।
निर्माणका क्रममा खानेपानीका पूर्वाधारमा क्षति पुग्न सक्छ सावाधानी अपनाऔं ।
खानेपानीको चुहावट, पाईपमा टुटफुट भएमा तुरुन्त खानेपानी संस्थाको कार्यालयमा सम्पर्क गरिदिनुहोला ।

**प्रगतिनगर खानेपानी तथा सरसफाई उपभोक्ता संस्था**
देवचुली नगरपालिका, प्रगतिनगर, नवलपरासी (ब.सु.पु), सम्पर्क: ०७८ ५७५००४/५७५४९४




**कावासोती नगरपालिकाको**

**सार्वजनिक हितका लागि जारी गरिएको सूचना**

- नगरपालिकाद्वारा सञ्चालित नियमित सरसफाई अभियानमा नियमित सहभागी बनौं।
- घर तथा सार्वजनिक भवन निर्माणको क्रममा बाटोमा पर्ने गरी निर्माण सामग्रीहरु जथाभावी नराखौं।
- घर, आँगन तथा बाटो नियमित सरसफाई गरौं।
- बाटोमा जथाभावी निर्माणका सामग्रीहरु राख्दा दुर्घटना निम्त्याउन सक्ने, बाढीको बखत नालाहरु थुनिएर घरघरमा बाढी पस्न सक्ने र बाटो समेत विग्रने भएकोले निर्माण सामग्री गिटी, बालुवा, ढुंगा, इट्टा, रड जस्ता सामग्रीहरु बाटो तथा सार्वजनिक स्थानमा नराखौं।
- पालिकाको अनुमती लिएर मात्र घर निर्माणको काम गरौं, घर निर्माण गर्दा नक्सा पास अनिवार्य गर्नुहोला ।
- घर तथा अन्य निर्माणका कार्य गर्दा भूकम्प प्रतिरोधात्मक बनाऔं।
- पालिकाद्वारा सम्पादन हुने सेवा प्रवाह र विकास व्यवस्थापन सम्बन्धी कुनै गुनासो भएमा वडा अध्यक्ष, नगर प्रमुख, उपप्रमुख एवं अन्य विषयगत शाखा प्रमुख समक्ष राखौं।

**कावासोती नगरपालिकाको कार्यालय**
नवलपरासी बर्दघाट सुस्ता पूर्व, गण्डकी प्रदेश

# चीन बन्यो विश्वकै ठूलो फिल्म बजार




सन् १८८८ मा संसारको सबैभन्दा पहिलो फिल्म रिलिज भएको थियो । २.११ सेकेन्ड लामो उक्त फिल्मको नाम 'राउन्डहे गार्डेन सीन' थियो । तर तीन सेकेन्डभन्दा पनि कम लम्बाइको उक्त फिल्म विश्वकै लागि आविष्कार बन्यो ।

पहिलो फिल्म बनाउने कुनै निर्देशक थिएनन् बरु फ्रान्सेली वैज्ञानिक लुइस ली प्रिन्स थिए । २.११ सेकेन्ड लामो फिल्मबाट सुरु भएको चलचित्रको यात्रा अहिले वार्षिक ५ लाख फिल्मसम्म पुगेको छ ।

फिल्मको व्यापारलाई अर्थतन्त्रको ठूलो हिस्सा पनि मानिन्छ । विश्व मनोरञ्जन संसारको सन् २०२१ को नयाँ आँकडा सार्वजनिक भएको छ । जसअनुसार दुनियाँभर फिल्मको कुल बजार २१.४ बिलियन डलर रहेको छ । यो आँकडा कोरोना महामारीपछिको हो । यो कुल बजारमा चीनको हिस्सा मात्र ७.३ बिलियन अमेरिकी डलर (९१ अर्ब ९८ करोड रुपैयाँ) छ । यो सूचीमा नेपालको छिमेकी मुलुक भारत ०.५ बिलियन डलर (६ अर्ब ३० करोड)सहित आठौं स्थानमा छ ।

पहिलो स्थानमा रहेको चीनमा वार्षिक ८५० फिल्म प्रदर्शन हुन्छन् । जसमध्ये देशभित्रकै फिल्मले ६० प्रतिशत र विदेशी फिल्मले ४० प्रतिशत कमाइ गर्छन् ।

दोस्रो स्थानमा रहेको अमेरिकाले सन् २०२१ मा ५६ अर्ब ७० करोड रुपैयाँ (४.५ बिलियन डलर) कमायो । अमेरिकामा वार्षिक ८०० फिल्म रिलिज हुन्छन् । जसमा ८८.८ प्रतिशत स्वदेशी र ११.२ प्रतिशत विदेशी फिल्मबाट कमाइ हुन्छ । जापान सूचीमा तेस्रो स्थानमा छ । १.५ बिलियन डलरसहित तेस्रो स्थानमा रहेको जापानमा वार्षिक ८५० वटा फिल्म लगभग रिलिज हुन्छन् ।


## डिभिजन वन कार्यालय नवलपुर, कावासोतीको

## डढेलो नियन्त्रण सम्बन्धि अनुरोध

- वन डढेलोको कारण बोटविरुवा, जीवजन्तु र मानवीय क्षति हुनका साथै वातावरणीय सन्तुलामा असर पर्दछ। तसर्थ वनमा डढेलो नलगाऔं, लागी हालेमा सबै एक जुट भई तुरुन्त आगो निभाऔं।
- आगलागीबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं । आफ्नो क्षेत्रमा आगलागी भएको जानकारी भएमा नजिकको वन कार्यालय, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी वा नेपाली सेनालाई खबर गरौं।

**डिभिजन वन कार्यालय, नवलपुर**


अन्तिम पृष्ठ दाउन्ने साप्ताहिक आइतबार, २६ असार २०७९ नवलपरासी हु.द.नं.४/०६६/०६७ Sunday, 10 July 2022 जि.प्र.का.नवलपरासी द.नं.१८/०६६/०६७

### फलाम निकाल्न धौवादीमा विद्युत लगिदै

# डेढ अर्बको ठेक्का, ४०० मेगावाट खपत हुने



पूर्वी नवलपरासीको धौवादी फलाम खानीका लागि विद्युत उपलब्ध गराउनका लागि प्रसारण लाइन विस्तारको काम अघि बढेको छ। यसका लागि कम्पनी र विद्युत प्राधिकरणले प्रक्रिया अघि बढाएका हुन्।

सरकारले निक्कै महत्त्वाकांक्षी योजनाअनुसार अघि बढाएको फलाम कम्पनीमा विद्युत पुऱ्याउन लागि २२० केभीए क्षमताको प्रसारण लाइन विस्तारको काम अघि बढेको हो। धौवादी फलाम खानीलाई विद्युत पहुँच पुऱ्याउनका लागि प्रसारण लाइन बनाउन दुई वर्ष लाग्ने बताइएको छ।

सोही कारण लक्षित समयअघि नै  काम पूरा गर्नका लागि अहिलेबाटै प्रसारण लाइन विस्तारको प्रक्रिया सुरु गर्न लागिएको हो।

यो उद्योग सञ्चालनमा आए विद्युत खपत धेरै हुने विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले बताएका छन्। उनले भने, ुसरकारले यो उद्योग सञ्चालनमा ल्याए ४०० मेगावाटसम्म विद्युत खपत गर्न सक्छ। निकट भविष्यमा हाम्रो विद्युत बजारका लागि यस्ता उद्योग आवश्यक छन्।

उद्योग रहने स्थलसम्म विद्युत प्रसारण लाइन विस्तार गर्न हामी तयारी अवस्थामा छौं। कम्पनीले सबस्टेसन राख्ने स्थान फाइनल गर्नेबित्तिकै काम अघि बढाउँछौं।ु

फलाम खानीसम्म प्रसारण लाइन विस्तारबाट बिजुलीले जोड्ने योजना अघि बढाउन र सबस्टेशन समेत निर्माणका लागि प्राधिकरणले फिल्डमा गएर अध्ययन समेत गरिसकेको जनाएको छ।

धौवादी फलाम उद्योगले सुरुमा १५० मेगावाट विद्युत माग गरेको छ। तर पछिसम्मको माग सम्भावनालाई हेरेर प्राधिकरणले चार सय मेगावाट बिजुली बहन सक्ने प्रसारणलाई बनाउने तयारी गरेको हो।

प्राधिकरणले आयोजनाको प्रारम्भिक अध्ययन गर्दा १२ किलोमिटर प्रसारण लाइन विस्तार गर्नुपर्ने देखिएको छ। यो लाइन भरतपुर( बर्दघाट २२० केभीए प्रसारण लाइनबाट तानिनेछ। यसका लागि एक अर्ब ४० करोड रुपैयाँ खर्च लाग्ने अनुमान गरिएको छ। यद्यपि दुरी अनुसार खर्च थपघट हुन सक्नेछ।

सबस्टेसन राख्ने स्थानको टुंगो मोटामोटी लगाइसकेको धौवादी फलाम कम्पनी लिमिटेडका कार्यकारी अधिकृत जनकबहादुर चन्दले बताए। उनले भने, ुहामी सबस्टेसन कहाँ राख्ने भन्ने विषयमा मोटामोटी निर्क्योल गरिसकेका छौं। यो स्थलमा प्रधिकरणले समेत अवलोकन गरिसकेको छ। यद्यपि सम्भाव्यता अध्ययनबाट उद्योग राख्ने स्थल फरक पर्छ

चार स्थानमा रहेका खानीलाई नजिक पर्नेगरी उद्योग राख्ने तयारी गरिएको छ। एक महिनाभित्र ठाउँ घोषणा भएर काम अघि बढ्ने कम्पनीको भनाइ छ। प्रसारण लाइन विस्तार रुखर्च कम्पनीलाई सरकारले बहुवर्षीय ठेक्कामा उपलब्ध गराउँछ।

यद्यपि सरकारले चार वर्षअघिदेखि सुरु गरेको काम भने निकै सुस्त गतिमा अघि बढेको छ।

कम्पनीले तीनपटक खानीको कच्चा पदार्थ परिक्षणका लागि चीन पठाइसकेको छ। सो रिपोर्टमा फलाम उत्पादन गर्न सकिने उल्लेख छ। अहिले कम्पनीले सम्भाव्यता अध्ययनका लागि समेत प्रक्रिया अघि बढाएको छ।

यसको लागि पाँच देशका विज्ञ कम्पनीहरुले आवेदन दिएका छन्। पहिलोपटक प्रकाशित बोलपत्रमा कुनै पनि कम्पनीले आवेदन दिएका थिएनन्। किनकी कम्पनीले तोकेको भन्दा धेरै रकम आवश्यक पर्ने आवेदक कम्पनीहरुले जनाउ दिएका थिए। यसपछि पुन: बोलपत्र आह्वान गरी अहिले कम्पनी छनोटका लागि प्रकृया अघि बढेको छ।

कम्पनीका कार्यकारी निर्देशक चन्दका अनुसार केही महिनामै कम्पनी छनोट गरी कामको जिम्मा लगाउने योजना रहेको छ। उनले थपे, ुहामीले पहिलो पटक फलाम उद्योग स्थापना गर्न लागेका हौं।

धेरै अनुभव नभएकै कारण पहिलो पटकको बोलपत्रमा कति खर्च लाग्छ भन्ने अनुमान गर्न सकिएन। अहिले भने पाँच देशका कम्पनीहरुले आवेदन दिएका छन्।ु दक्षिण अफ्रिका, बेलायत, अस्ट्रिया, भारत, चीन लगायत देशका कम्पनीहरुले आवेदन दिएका छन्।

सरकारले १० अर्ब रुपैयाँको कम्पनी दर्ता गरी फलाम उत्खनन गर्ने प्रस्ताव मन्त्रिपरिषदबाट स्वीकृत गरेर काम अघि बढाएको हो।

चार स्थानको फलाम खानीमा विभागले आर्थिक वर्ष २०६६र६७ बाट अध्ययन सुरु गरेको थियो।

अध्ययनबाट ुस्पन्ज फलामु उत्पादन गर्न सकिने प्रमाणित भइसकेको कम्पनीले जनाएको छ। विभागले दुई पटक गरी १३ सय किलो कच्चा पदार्थ अध्ययनको लागि चीन पठाएको थियो।

चीनको चाइना जिओलजिकल सर्भेले पठाएको प्रतिवेदनमा ४० प्रतिशत स्पन्ज फलाम उत्पादन हुने उल्लेख गरिएको छ।

प्रारम्भिक अध्ययनअनुसार चार स्थानमा कुल १० करोड टन फलामको कच्चा पदार्थ रहेको अनुमान गरिएको छ। यद्यपि यो अझै बढ्न सक्ने अनुमान गरिएको छ।

कम्पनीका अनुसार पूर्वी नवलपरासीको दुर्लु□ा हुप्सेकोटस्थित ब्लक २० हेक्टर क्षेत्रफलमा फैलिएको छ। आर्थिक वर्ष २०७३र७४ मा गरिएको अध्ययन अनुसार यस क्षेत्रमा ५० लाख टन फलामको कच्चा पदार्थ रहेको प्रमाणित भइसकेको छ। यस क्षेत्रमा १०५ मिटर ड्रिलिङ गरी अध्ययन गरिएको थियो।

साविकको नवलपरासी जिल्लामा पर्ने पोखरी ब्लक सुरुमा एक सय हेक्टरमा फलाम खानीको अन्वेषण गरिएको थियो। यस क्षेत्रको जमिनमुनि दुई करोड टन फलामको कच्चा पदार्थ छ।

राम्चे ब्लकमा चार सय हेक्टरभन्दा बढी क्षेत्रफलमा अध्ययन गरिएको यो ब्लक सबैभन्दा ठूलो ब्लक हो। यस ब्लकमा चार करोड २० टन लाखभन्दा बढी फलामको कच्चा पदार्थ छ।


## जनप्रतिभा सामुदायिक वनको

## डढेलो नियन्त्रण सम्बन्धि अनुरोध

- वन डढेलोको कारण बोटविरुवा, जीवजन्तु र मानवीय क्षति हुनका साथै वातावरणीय सन्तुलामा असर पर्दछ। तसर्थ वनमा डढेलो नलगाऔं, लागी हालेमा सबै एक जुट भई तुरुन्त आगो निभाऔं।
- आगलागीबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं । आफ्नो क्षेत्रमा आगलागी भएको जानकारी भएमा उपभोक्ता समिति, नजिकको वन कार्यालय, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी वा नेपाली सेनालाई खबर गरौं।

**जनप्रतिभा सामुदायिक वन उपभोक्ता समूह**
**मध्यविन्दु-९, वसन्तपुर, नवलपुर**


## पशुमा लाग्ने खोरेत रोगको बारेमा जानकारी

खोरेत एक प्रकारको पशुहरूलाई लाग्ने सरुवा पशुरोग हो । यो रोग लागेमा पशुहरूको खुर पाक्ने भएकोले यस रोगको नाम खोरेत रोग अथवा खुरको रोग पर्न गएको हो। यो रोग खास गरेर घरमा पालिने जनावर गाई, भैंसी, बाख्रा आदीलाई लाग्दछ। यो रोग लागेमा पशुहरूका खुर पाक्नुको साथै ज्वरो आउने, घाँस नखाने जस्ता लक्षणहरू पनि देखा पर्छन्। यदी खोरेत रोगको बेलैमा ध्यान पुगाउन न सकेमा खोरेत रोग लागेको पशु मर्न पनि सक्छ। आज हामी खोरेत रोगको सम्पूर्ण जानकारी लिएर आएका छौ ।

**रोग सर्ने तरिका**:

- रोगी पशुसँग लसपस भएमा,
- रोगी पशुको ऱ्यालले दुषित बनाएको दानापानी खाएमा,
- रोगी पशुले फोहोर बनाएको भांडाकुंडामा दानापानी खाएमा,
- रोगी पशुलाई राखेको खोरमा राखेमा
- रोगी जनावरको मासु
- कांचो दूध र खोरेत विषाणुले दुषित सामान, गाडी आदिको माध्यमबाट
- कुनै मानिस रोगी जनावरको सम्पर्कमा रहेको अवस्थामा निजको श्वास नलीभित्र २४ घण्टा खोरेत विषाणु बाच्न सक्छ र रोग सार्न सक्छ ।

**लक्षणहरू**:

- यो रोग लाग्दा एकदम बढी ज्वरो (१०४-१०६ डिग्री फरेनहाइट) आउँछ। बिस्तारै घाँसपात नखाने, झोक्राउने हुन्छ।
- मुख वरिपरि विशेष गरी गिजा र जिब्रोमा स-साना फोकाहरू आउँदछन् । यस सँगसँगै खुट्टाको खुरको कापमा पनि फोकाहरू आउँछन् पशु खुट्टा खोच्याएर हिँड्छ र पछि लंगडो हुन सक्छ।
- मुख वरिपरि घाउ आउने भएको कारण र्‍याल चुहाउँछ। यस रोगले ठूला माउहरूभन्दा पाठापाठीलाई बढी असर पुर्‍याउँछ ।
- कहिलेकाहीं खोरेत रोगका कारण थुनेलोको समस्या पनि देखिन्छ। ब्याउने माउहरूमा गर्भ तुहिने समस्या देखिन सक्छ।

**खोरेंत रोगको उपचार कसरी गर्ने भन्ने बारे जानकारी** :

क) मुखको घाउलाई १ प्रतिशतको पोटास पानीले सफा गरिदिने वा फिटकिरी पानीले सफा गरिदिने ।

ख) खुरका घाउलाई पोटास पानीले धोएर हिमैक्स वा लोरेक्जेन मलहम लगाउनुपर्छ वा २ प्रतिशत निलोतुथोले घाउ सफा गर्न सकिन्छ ।

ग) खुट्टाको घाउमा फिनेल प्रयोग गर्न पनि सकिन्छ ।

घ) घाउहरूमा अन्य जीवाणु प्रवेश गरी संक्रमण नगरुन् भन्नका लागि पशुलाई एन्टिबायोटिक सुई लगाउन सकिन्छ ।

ङ) खोरेंत देखिइरहने ठाउँमा रोकथामका लागि खोरेंत विरूद्ध खोप लगाउनुपर्दछ । ६ महिनाको उमेर पुगेपछि पहिलोपटक खोप लगाउने र प्रत्येक वर्ष दोहोर्‍याउने बढी देखिने ठाउँमा ६-६ महिनामा दोहोर्‍याउने

**रोकथाम**:

- गोठलाई सफा गरि राख्ने र पशुलाई सकेसम्म बंधुवा गरि पाल्ने ।
- रोगी पशुलाई बेग्लै राख्ने र रोगी पशुले दुषित बनाएको दानापानी आदिलाई गाडि दिने।
- रोगबाट मरेकोलाई पनि गहिरो गरि खाल्डोमा पुर्नु पर्दछ ।
- निरोगी पशुलाई ६।६ महिनामा खोरेत रोगको एफ.एम.डी. भ्याक्सीन लगाउनु पर्दछ।
- रोग फैलिएको शंका लागेमा नजिकको सेवा केन्द्रमा तुरुन्तै खबर गर्नु पर्दछ ।

**पशु शाखा**
**सुनवल नगरपालिकाको कार्यालय**
**सुनवल, पश्चिम नवलपरासी**





